# परिच्छेद - एक
## शोध परिचय

### १.१ शोध शीर्षक:

प्रस्तुत शोधकार्यको शीर्षक **'कक्षा ५ को मेरो नेपाली किताब र वैखरी बीच तुलनात्मक अध्ययन'** रहेको छ ।

### १.२ विषय परिचय:

नेपाल एशिया महादेशमा अवस्थित एक सानो मुलुक हो । यो देशले एशिया महादेशको ०.३% भू-भाग ओगटेको पाइन्छ । दुई विशाल छिमेकी मुलुकहरु भारत र चीनको बीचमा नेपाल रहेको छ । नेपाल भूगोलको हिसावले सानो मुलुक भएर पनि भाषा, धर्म, जातजाति र संस्कृतिका दृष्टिकोणले आफैंमा यथेष्ट धनी देश हो । वि.स. २०६८ सालको जनगणना अनुसार ६५.१% नेपालीहरु साक्षर रहेका छन् । यस तथ्याङ्कलाई उच्चदरमा वृद्धि गर्न नेपालमा सरकारी/समुदायिक र निजी विद्यालयहरु खुल्ने र सञ्चालन हुने क्रम बढ्दो छ । सरकारी विद्यालयहरुमा मापदण्ड बनाएर पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक तयार गरिएका छन् भने निजी विद्यालयहरुमा आवश्यक्ता अनुसार आफैंले पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी पठनपाठन गरेको पाइन्छ । सरकारी र निजी विद्यालयका आ-आफना पाठ्यक्रम र पाठयपुस्तक भएकोले सिकाइमा समस्या हुने गरेको पाइन्छ । त्यसमा पनि प्राथमिक तहको (हाल आधारभूत तहमा पर्दछ) कक्षा ५ सरकारीतर्फ **मेरो नेपाली किताब** र निजीतर्फ फरक-फरक प्रकाशनका पाठ्यपुस्तक पठनपाठन भइरहेका छन् । जसमध्ये ओएसिस पब्लिकेशनको वैखरी देशको विभिन्न निजी विद्यालयहरुमा पठनपाठन हुँदै आएको छ ।

प्रस्तुत अनुसन्धानको शीर्षक कक्षा ५ को **मेरो नेपाली किताब** र **वैखरी** बीच तुलनात्मक अध्ययन रहेको हुनाले सम्बन्धित पाठ्यक्रम र पाठ्यपुस्तकका बारेमा चर्चा गर्नु आवश्यक देखिन्छ ।

पाठ्यक्रम र पाठ्यपुस्तकबीच नङ र मासुको जस्तै घनिष्ठ सम्बन्ध हुने गर्दछ । पाठ्यक्रम सैद्धान्तिक पक्ष हो भने पाठ्यपुस्तक व्यवहारिक पक्ष हो ।जस्तोसुकै राम्रो पाठ्यक्रम तयार पारे पनि सान्दर्भिक पाठ्यपुस्तकको अभावमा लक्ष्य प्राप्त गर्न सकिँदैन । पाठ्यपुस्तक पनि पाठ्यक्रमको अभावमा पुस्तक मात्र बन्न पुग्दछ । पाठ्यक्रम राजमार्ग हो भने पाठ्यपुस्तक राजमार्गमा गुड्ने यात्रुबाहक बस हो । पाठ्यक्रम धावनमार्ग हो भने पाठ्यपुस्तक यात्रु चढाउने र ओराल्ने हवाईजहाज हो । त्यसकारण यी दुईबीच अभिन्न भेद छन् ।

## १.३ प्राकल्पनाः

अनुसन्धानका समस्याको समाधानका क्रममा अनुसन्धाताले गरेको पूर्वानुमान नै प्राकल्पना हो । अनुसन्धाताको यो पूर्वानुमान पछि गएर सत्य हुन पनि सक्छ, वा नहुन पनि सक्छ । शोधार्थीले शोधकार्यको थालनी गर्नुपुर्वको पुर्व अध्ययन सम्बन्धित विषय-विशेषज्ञहरुसंगको (शीर्षक छनौट वा अन्य विविध सन्दर्भमा गरेको) छलफल, विचार विमर्श एवं सरसल्लाह, त्यसपुर्व सम्पन्न गरिएका शोध प्रतिवेदनका अध्ययन एवं पुर्वकार्यको समिक्षा र आफनो वैयक्तिक चिन्तन मनन् आदि कार्यका आधारमा आफुले गर्न थालेको शोध निष्कर्षको सम्बन्धमा तयार गरेको पूर्वधारण वा पूर्वानुमान नै प्राकल्पना हो

- प्राकल्पना शीर्षकको प्रकृति हेरि निर्धारण गरिन्छ ।
- प्राकल्पनाले अनुसन्धानकर्तालाई निष्कर्ष निकाल्न सजिलो. बनाउँछ ।
- प्राकल्पनाबाट अनुसन्धानमा प्रमाणिकता र एकरुपता प्राप्त हुन्छ ।

## १.४ शोधकार्यको प्रयोजनः

प्रस्तुत शोधकार्य त्रिभुवन विश्वविद्यालय अन्तगर्तका श्री रामप्रसाद रामप्रताप तामाङ जनता बहुमुखि क्याम्पस गोलबजार, सिरहामा शिक्षाशास्त्र संङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तगर्त स्नातकोत्तर तह दोश्रो वर्षको पाठ्यांश (नेपा.शि.) को उद्देश्य पूरा गर्ने प्रयोजनका निमित्त तयार गरिएकोछ ।

## १.५ समस्याकथन

अनुसन्धानको निम्ति छानिएका कुनै पनि अनुसन्धेय विषयवस्तु नै अनुसन्धानको समस्या हो । यसर्थ कक्षा ५ को मेरो नेपाली किताब र वैखरी बीच तुलनात्मक अध्ययन नै यस शोधको समस्या रहेको छ ।

प्रस्तुत शोध शीर्षकसँग सान्दर्भिक भएर उठ्न सक्ने निम्न सवालहरु नै यस शोध कार्यको समस्याको रुपमा रहेका छन् :

क) दुबै पाठ्यपुस्तकहरु पाठ्यक्रम अनुरूप छन् वा छैनन् ?

ख) दुबै पाठ्यपुस्तकहरुमा असल पाठ्यपुस्तकमा हुनुपर्ने विद्यमान गुणहरु छन् वा छैनन् ?

ग) दुबै पाठ्यपुस्तकहरुमा के - कस्ता समानता र असमानता देख्न सकिन्छ ?

घ) दुबै पाठ्यपुस्तकहरुमा देखिएका कमी कमजोरीको सुधारका लागि के - कस्ता सुझावहरु दिन सकिन्छ ?

## १.६ अध्ययनका उद्देश्यहरु

प्रस्तुत शोधकार्य निम्न उद्देश्यहरुमाथि केन्द्रित भएर अगाडि बढेको छ :-

क) उक्त दुई पाठ्यपुस्तकहरुलाई आन्तरिक र बाह्य विशेषताको आधारमा विश्लेषण गर्नु ,

ख) दुबै पाठ्यपुस्तकहरुबीचको समानता र असमानता पत्ता लगाउनु ,

ग) दुबै पाठ्यपुस्तकहरुको सबल र दुर्बल पक्षहरु पता लगाइ सुधारको लागि आवश्यक सुझाव प्रस्तुत गर्नु ।

## १.७ अध्ययनको औचित्य

शिक्षा नीति समयसापेक्ष हुनुपर्दछ । ठीक त्यस्तै शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र कक्षागत उद्देश्य (उद्देश्यलाई सक्षमता पनि भनिन्छ ) लाई ध्यानमा राखी पाठ्यक्रम निर्माण गरिएको हुन्छ । उक्त पाठ्यक्रम अनुसार विद्यार्थीको रुची, उमेर, स्तर, क्षमता, बालमनोविज्ञान, पूर्वज्ञान अनुकूल हुने गरी पाठ्यपुस्तक तयार गरिनुपर्दछ । भाषा शिक्षण गर्नुको मुख्य उद्देश्य भाषा सिकाउनु नभएर भाषिक सीपमा दक्षता हासिल गराउनु हो । त्यसैले भाषा पाठ्यपुस्तक शिक्षाका तीनवटै उद्देश्यहरु (राष्ट्रिय, तहगत, र कक्षागत) परिपूर्तिमा सहयोगी हुनुपर्दछ । भाषिक सीप विकासमा उपयोगी हुनुपर्दछ । जसका लागि भाषा पाठ्यपुस्तक शुद्ध र स्तरीय हुनुपर्दछ । पाठ्यक्रमको मर्मलाई न्याय गर्न सक्ने हुनुपर्दछ ।

साविक प्राथमिक तह र हाल आधारभूत तह (कक्षा १-८ सम्म) अन्तर्गत कक्षा ५ को मेरो नेपाली किताब र वैखरी बीच तोकिएको पाठ्यक्रम अनुसार निर्माण भएका छन् कि छैनन् भन्ने कुरा पत्ता लगाउनु वाञ्छनीय देखिन्छ । यी दुबै पाठ्यपुस्तकका बीचमा देखा परेका समानता र असमानता, सबल र दुर्बल पक्षहरुलाई विश्लेषण गरी दुर्बल पक्षलाई निरुपण गर्नु पर्ने आवश्यकता छ । त्यस्तै, तत्सम्बन्धमा आवश्यक सुझावहरु दिइ त्यसका आधारमा निकट भविष्यमा हुने पाठ्यक्रम तथा पाठ्यपुस्तक परिमार्जनमा समेत थप टेवा पुग्ने देखिन्छ । थप खोज र अनुसन्धान गर्नेहरुका लागि समेत स्रोत सामग्री बन्न सक्ने छ । जसले गर्दा यस शोध कार्यको औचित्य र उपादेयिता रहेको पुष्टि हुन्छ ।

## १.८ शोधकार्यको परिसीमा

प्रस्तुत शोधकार्य निम्न परिसीमाभित्र केन्द्रित रहेको छ :-

क) कक्षा ५ को मेरो नेपाली किताब र वैखरी बीच तुलनात्मक अध्ययनमा सीमित रहेको छ ।

ख) निर्दिष्ट पाठ्यपुस्तकहरुलाई असल पाठ्यपुस्तकमा हुनुपर्ने विद्यमान आन्तरिक र बाह्य गुणको आधारमा तुलना गरिएको छ ।

ग) तुलनात्मक विधि, व्याख्या विश्लेषण विधि र पुस्तकालयीय कार्य/माध्यम प्रयोग गरी अध्ययन र विश्लेषण गरिएको छ ।

## १.९ शोधपत्रको रुपरेखा

यस शोधपत्रको सामान्य रुपरेखा यस प्रकार रहेको छ :-

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारुप

परिच्छेद तीन : अध्ययन विधि र प्रकिया

परिच्छेद चार : निर्दिष्ट पाठ्यपुस्तकहरुको तुलनात्मक अध्ययन

परिच्छेद पाँच : उपसंहार

# परिच्छेद - दुई

## पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक प्रारुप

### २.१ पूर्वकार्यको पुनरावलोकन

कुनै पनि नयाँ कार्य गर्नुभन्दा पहिला भएका कार्यको समीक्षा गर्नुलाई नै पूर्वकार्यको पुनरावलोकन भनिन्छ । यस्ता कार्यहरुले नयाँ गरिने कार्यमा सहयोग पुऱ्याउँदछ । भाषा सिकाइमा भाषा पाठ्यपुस्तकको मुख्य स्थान रहन्छ । यसले भाषिक सीपहरुमाथि जोड दिएको हुन्छ । पाठ्यपुस्तक शिक्षण क्रियाकलापको प्रमुख आधार मानिन्छ । त्यसकारण पाठ्यपुस्तकको निर्माण र छनोटमा विशेष ध्यान दिनुपर्दछ । आधारभूत तहमा भाषा शिक्षण गर्दा के-कस्ता र कति शब्दहरु छनोट तथा स्तरण गरेमा पाठ्यपुस्तकका उद्देश्यहरु पूरा हुन सक्दछन् ? विद्यार्थीको रुची, क्षमता र स्तर अनुकूल छन वा छैनन् ? पाठ्यपुस्तकमा शब्द, विधा, भाषिक सीपका अभ्यासहरु, पठनबोधका अभ्यासहरु, विषयवस्तु प्रस्तुति, चित्र, भाषिक शिल्प र संरचना, बाह्य तथा भौतिक पक्ष समेतको सन्तुलित संयोजनमा ध्यान दिइनु पर्दछ । तत्सम्बन्धमा यस अघि कति र कस्ता शोधकार्यहरु भए भनेर हेर्ने जमर्को गरिएको छ । यसलाई नै यहाँ पूर्वकार्यको पुनरावलोकन भनिएको छ ।

### २.१.१ पुस्तक पुनरावलोकन

रस्तोगी (१९७८) ले त्रि. वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र र **Basic Primary Education Project Plan (1991 – 2000)** मार्फत् भएको अध्ययनमा पाठ्यपुस्तक र तिनको प्रभावकारिताको विषयमा अध्ययन गरेको पाइन्छ । पाठ्यपुस्तकको प्रभावकारिताको यस अध्ययनले मेरो यो शोधकार्यलाई अगाडि बढाउन सहयोग पुऱ्याएको छ ।

**BPEP** को **Master plan (1991- 2000)** को **Text Book and Materials** शीर्षकमा नेपाली भाषा पाठ्यपुस्तकको समीक्षा, नयाँ शब्द, अमूर्त, अप्रचलित शब्दहरु र पाठ्यस्तर उपयुक्त तथा अनुकूल नभएको औँल्याएको छ । (गौतम : २०५७) **BPEP** को यस अध्ययनले प्रस्तुत शोधकार्यलाई दिशानिर्देश गरेको छ ।

रस्तोगीले **UNESCO** को सहयोगमा त्रि. वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र **(CERID)** का लागि गरेको अध्ययन **Project On Evaluation Mahendramala Series For**

**Class 1 - 5** मा पाठ्यपुस्तक सम्बन्धी अध्ययन भएको पाइन्छ । त्यसमा पाठ्यपुस्तकमा सम्पादित पाठ्यवस्तुहरु विद्यार्थीको बौद्धिक परिपक्वता भन्दा स्तरीय भएको, शब्दभण्डारको भार बढी भएको, विधागत पाठहरुको संयोजनको स्तर नमिलेको, शब्द चयनमा छनौट र स्तरणको पालना नगरिएको, भाषिक सीपहरुको लागि पर्याप्त अभ्यास नभएका जस्ता निष्कर्षहरु निकालिएका छन् । डा.रस्तोगीको यो निष्कर्षले प्रस्तुत शोधका लागि विषयवस्तुको मूल्याङ्कन कसरी गर्ने भने मार्गनिर्देश गरेको छ ।

अधिकारी (२०४४) द्वारा शिक्षा विकास तथा अनुसन्धान केन्द्र **(CERID)** मा रहेर शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्व, प्राथमिक तहको पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषण शीर्षक, नेपाली भाषा उपशीर्षकमा पाठ्यक्रम र पाठ्यपुस्तकबारे अध्ययन भएको छ । यसमा वर्णनात्मक, तुलनात्मक र पुस्तकालयीय कार्यद्वारा अध्ययन गरिएको छ । अध्ययनमा विषयवस्तुगत प्रस्तुति, स्तरगत कमजोरी, शब्दभण्डार र धारणापक्षमा असङ्गति देखिएको निष्कर्ष प्रस्तुत गरिएको छ । अधिकारीको यस अध्ययनले प्रस्तुत शोधका लागि अध्ययन विधिको ज्ञात गराएको छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

खनाल (२०४९) द्वारा  कक्षा ४ को **मेरो नेपाली किताब** र **सजिलो नेपाली माला** को तुलनात्मक अध्ययन गरिएको छ । यसमा तुलनात्मक, शोधनी र पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । जसमा विधागत पाठहरुको रखाइक्रम ‘सजिलो नेपाली माला’ मा राम्रो रहेको निष्कर्ष निकालिएको छ । अन्य सबै पक्षमा ‘मेरो नेपाली किताब’ राम्रो रहेको देखाइएको छ । समग्रमा ‘सजिलो नेपाली माला’ भन्दा ‘मेरो नेपाली किताब’ राम्रो रहेको निष्कर्ष निकालिएको छ । खनालको यो शोधपत्रले दुई सामग्रीको अध्ययन गर्दा कसरी खाका प्रस्तुत गर्ने भन्ने बारे सहयोग गरेको छ ।

पौडेल (२०५६) द्वारा स्नातकोत्तर तहका लागि प्रस्तुत शोधपत्र कक्षा ६ को **हाम्रो नेपाली किताब** र **सरल नेपाली शृङ्खला** बीचको तुलनात्मक अध्ययन तयार पारेको पाइन्छ । यसमा भाषा पाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा विश्लेषण गर्दा हाम्रो नेपाली किताबमा खासै त्रुटि नभएको र सरल नेपाली शृङ्खलामा विद्यार्थीको रुचि, उमेर,

मनोवैज्ञानिक पक्षलाई ख्याल नगरेको निष्कर्ष निकालिएको छ । पौडेलको यो निष्कर्षले दुई सामग्रीको अध्ययन गर्ने आधार र  निष्कर्षमा कसरी पुग्ने भन्ने बारे सहयोग गरेको छ ।

अधिकारी (२०६०) द्वारा कक्षा २ को **नेपाली किताब**, **नयाँ शृङ्खला** र **सजिलो नेपाली माला** मा प्रयुक्त शब्दभण्डारको तुलनात्मक अध्ययन गरिएको छ । यसमा तुलनात्मक, वर्णनात्मक र ग्रन्थ विधिको प्रयोग गरिएको छ । यस शोधकार्यमा पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपता, पाठ्यपुस्तकीय गुणसँग तुलना, पाठ्यपुस्तकहरुबीचको समानता र असमानता, सबल र दुर्बल पक्षका साथै सुधार गर्नुपर्ने पक्षमा जोड दिइ अध्ययन गरेको पाइन्छ । अधिकारीको यस अध्ययनको विषयवस्तुले मेरो शोधकार्यलाई अगाडि बढाउन मद्दत गरेको छ ।

अधिकारी (२०६३) द्वारा **महेन्द्रमाला** (९ - १०) २०५३ र **नेपाली** (९ - १०) २०६२ को तुलनात्मक अध्ययन गरेका छन् । यसमा तुलनात्मक, वर्णनात्मक र ग्रन्थ विधिको प्रयोग गरिएको छ । दुबै पाठ्यपुस्तकमा समाविष्ट विधाहरु कथा, निबन्ध, कविता, जीवनी तथा शब्दभण्डार र नमुना अभ्यास जस्ता पक्षसँग सम्बन्धित रहेर अध्ययन गरिएको छ । दुबै पाठ्यपुस्तकको पाठ्यक्रमअनुरूपता, पाठ्यपुस्तकीय गुणसँग तुलना र पाठ्यपुस्तकहरुमा भएका दुर्बल पक्षमा सुधार गर्नुपर्ने कुरामा जोड दिइ अध्ययन गरिएको छ । अधिकारीको यस शोधकार्यबाट सुझाव कसरी प्रस्तुत गर्ने भन्ने बारे जानकारी प्राप्त भएको छ ।

लोप्चन (२०६४) द्वारा **मेरो नेपाली किताब** कक्षा १ र **ह्याङ्ला ग्योत गीक्छ १** को तुलनात्मक अध्ययन गरेका छन् । यसमा तुलनात्मक, वर्णनात्मक र ग्रन्थ विधिको प्रयोग गरिएको छ । यो अध्ययन दुबै पाठ्यपुस्तकहरुका विधा, पाठ्यक्रमअनुरूपता र पाठ्यपुस्तकको आन्तरिक र बाह्य पक्षको तुलनामा केन्द्रित रहेको छ । विधागत प्रस्तुति दुबै पाठ्यपुस्तकमा थप्नुपर्ने, **मेरो नेपाली किताब** को लागि आवरण पृष्ठ चिल्लो, बलियो र आकर्षक कागजको प्रयोग गर्नुपर्ने र **ह्याङ्ला ग्योत गीक्छ** को भित्री पृष्ठको कागज गुणस्तरीय दिनुपर्ने जस्ता निष्कर्ष निकालिएको छ । लोप्चनको अध्ययन र मेरो शोधको विषय तुलनात्मक भएकोले मलाई सामग्रीको तुलना गर्ने विधिबारे थप सहयोग गरेको छ ।

यादव (२०६५) द्वारा कक्षा ३ को **मेरो नेपाली किताब** र **हमर मैथली पोथी** बीचको तुलनात्मक अध्ययन गरेकी छिन् । यसमा तुलनात्मक, वर्णनात्मक र ग्रन्थ विधि प्रयोग गरिएको छ । यस अध्ययनले **हमर मैथली पोथी** मा पाठ्यक्रमले निर्देश गरेभन्दा बढी शब्दको प्रयोग, चित्रहरु श्यामश्वेत भएका, विधा सङ्ख्या फरक भएको जस्ता निष्कर्ष निकालिएको छ । यादवको यस शोधबाट पाठ्यक्रमअनुरूप कसरी तुलना गर्ने भन्ने बारे जानकारी प्राप्त गरेको छ ।

यादव (२०७१) द्वारा वर्तमान कक्षा ५ को **मेरो नेपाली किताब** र **सजिलो नेपाली माला** बीचको तुलनात्मक अध्ययन गरेका छन् । यसमा तुलनात्मक, वर्णनात्मक र शोध विधिको प्रयोग गरिएको छ । **मेरो नेपाली किताब** मा घरपरिवार, समाज, वातावरण, चाडपर्वको समुचित प्रयोग नभएको र **सजिलो नेपाली माला** मा चुट्किला, गाउँखाने कथालाई समेट्न नसकेको तथा विधागत दृष्टिले दुबै पाठ्यपुस्तकमा समानता रहेको निष्कर्ष निकालिएको छ । यादवको यस शोधबाट शोधकार्यलाई कसरी अन्तिम रुप दिने भन्ने बारे प्रष्ट मार्गचित्र पाएको छु ।

उपर्युक्त सर्भेक्षण अनुसार वर्तमान कक्षा ५ को **मेरो नेपाली किताब** र **वैखरी** बीच तुलनात्मक अध्ययन कहीँ कतै भएको देखिँदैन । त्यसकारण यस शोधपत्रमा उपर्युक्त दुबै पाठ्यपुस्तकहरु पाठ्यक्रमअनुरूपताका आधारमा निर्माण भएका छन् कि छैनन् । यिनीहरु बीचमा के-कस्ता समानता र असमानताहरु छन् । के कस्ता सबल र दुर्बल पक्षहरु छन् र तिनलाई कसरी सुधार गर्न सकिन्छ भन्ने जस्ता सुझावहरु समेत यस शोधपत्रमा दिइएको छ ।

## २.२ सैद्धान्तिक पक्ष

प्रस्तुत शोधपत्रको यस खण्डमा पाठ्यक्रम तथा भाषा पाठ्यक्रम र पाठ्यपुस्तक तथा भाषा पाठ्यपुस्तकको सामान्य चर्चा गरिएको छ ।

### २.२.१ पाठ्यक्रमको परिभाषा

- शिक्षाको उद्देश्य हाँसिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ । – **NESP** २०२८
- पाठ्यक्रम सिकाइको लागि एउटा योजना हो । हिल्डा तावा

वास्तवमा पाठ्यक्रम एक विस्तृत शैक्षिक योजना हो । विद्यार्थीहरुले तोकिएको अवधिमा आफ्नो उमेर र क्षमताअनुसार के - कस्ता सीपहरु हाँसिल गर्न सक्दछन् । त्यस्तै ती सीपहरु हाँसिल गर्न कस्तो शैक्षणिक वातावरण चाहिन्छ भन्ने लगायतका सम्पूर्ण शैक्षिक क्रियाकलापको पूर्व योजना नै पाठ्यक्रम हो । पाठ्यक्रमले निश्चित उद्देश्य निर्धारण गरेको हुन्छ । निर्धारित लक्ष्यका आधारमा तोकिएको अवधिभित्र प्रत्येक विद्यार्थीमा विकास हुनुपर्ने सिकाइ उपलब्धि अर्थात विद्यार्थीमा विकास हुनुपर्ने ज्ञान, सीप वा धारणा र ती ज्ञान, सीप वा धारणालाई विकास गर्न कस्ता - प्रयासहरु कुन रुपमा अगाडि बढाउनु पर्दछ भनी विधिहरु उल्लेख गरिएको हुन्छ । त्यस्तै प्रत्येक विद्यार्थीमा के - कस्ता सिकाइ उपलब्धि कति मात्रामा हाँसिल हुन सके भन्ने कुराको लेखाजोखा गर्ने मूल्याङ्कनका तरिकाहरु पनि समावेश गरिएको हुन्छ । (वाग्ले र पौडेल पृष्ठ :२)

### २.२.२ भाषा पाठ्यक्रमको परिभाषा

भाषा विचार तथा भावहरुको बाहक हो । मानव मनमा सिर्जित भावको अभिव्यक्ति, मानवहरुबीच विचारहरुको प्रकटीकरण तथा सिर्जनात्मक प्रस्तुतिकरणको माध्यम भाषा नै हो ।

भाषा सिकाइका निम्ति कार्यक्रमको आवश्यकता पर्दछ । यसरी भाषिक सीप आर्जनका निमित्त लक्षित उद्देश्य हाँसिल गर्न गरिने सम्पूर्ण प्रयास नै मूलत : भाषा पाठ्यक्रम हो भन्न सकिन्छ । भाषा सीप हो । भाषिक सीप शिक्षण अभ्यास तथा प्रयोगमा आधारित हुन्छ । तहगत रुपमा विद्यार्थीले गर्नुपर्ने भाषिक सीप आर्जनका निम्ति गरिने क्रियाकलाप भाषा पाठ्यक्रम अन्तर्गत पर्दछ । भाषा सिकाइ अन्तर्गत कुनै पनि खास कक्षा वा स्तरमा दिइने शब्द, ज्ञान, व्याकरण ज्ञान, मौखिक एवम् लिखित रचना, कौशल, बोध एवम् अभिव्यक्ति, संवाद, भाषण तथा अभिनय आदिजस्ता वार्तालाप सन्दर्भ क्रियाकलाप प्रशिक्षणका निमित्त तयार पारिएको कार्यक्रमको सङ्गठित रुप नै भाषा पाठ्यक्रम हो ।
(ढुंगेल र दाहाल पृष्ठ : ८)

### २.२.३ पाठ्यक्रम निर्माणका आधारभूत कुराहरु

(क) पाठ्यक्रमको पाठ्यवस्तु आधारभूत रुपमा समस्यामूलक हुनुका साथै लक्षित समूहको तत्कालिन परिवेश, वस्तुस्थिति तथा वातावरण अनुसारका आवश्यकतासँग सम्बन्धित हुनुपर्छ ।

(ख) यो क्रियाकलाप केन्द्रित हुनुपर्छ ।

(ग) पाठ्यक्रम व्यवहारिक हुनुपर्छ ।

(घ) यसले विद्यार्थीको जीवनयापनमा सुधार गर्न सक्नुपर्छ ।

(ङ) यसले विद्यार्थीलाई लक्ष्य प्राप्तिकालागि रुचि जगाउनुपर्दछ ।

(च) यसले विद्यार्थीमा सिर्जनशीलताको विकास गराउन सक्नुपर्दछ ।

(छ) यसले विद्यार्थीमा समालोचनात्मक क्षमताको अभिवृद्धि गराउनका साथै समाजमा परिवर्तनका निमित्त सहभागी बनाउन प्रोत्साहित गर्नुपर्दछ ।

### २.२.४ भाषा पाठ्यक्रम निर्माणका आधारभूत कुराहरु

(क) विद्यार्थीले सिक्न चाहेको भाषा कुन प्रयोजनका निम्ति सिक्दै छ भन्ने कुरामा ध्यान दिनुपर्दछ ।

(ख) भाषाका सीपहरु क्रमबद्ध र विद्यार्थीको क्षमताअनुरूप चयन गरिनुपर्दछ ।

(ग) भाषा पाठ्यक्रममा विधागत ज्ञान प्रदान गर्ने अभिप्रायका सामग्रीहरु चयन गरिनुपर्दछ ।

(घ) भाषाको आर्जन प्रक्रियाअनुरूप भाषा पाठ्यक्रममा सामग्री चयन गरिनुपर्दछ ।

(ङ) कुनैपनि निर्धारित तहको लक्ष्य पूरा गर्ने शिक्षक र विद्यार्थीको भूमिका विषयमा भाषा पाठ्यक्रम निर्माता स्पष्ट हुनुपर्दछ ।

(च) लक्षित भाषा सिकाइ कियाकलापको परीक्षा वा मूल्याङ्कनका निम्ति प्रयोग हुनसक्ने प्रविधिका विषयमा पाठ्यक्रम निर्माता स्पष्ट हुनुपर्दछ ।

(छ) विद्यार्थीको रुचि र आवश्यकताअनुकूल सामग्री चयन गरिनुपर्दछ ।

(ज) विद्यार्थीको मातृभाषा वा दोस्रो भाषा कुन रुपमा सिक्न चाहन्छ ? भन्ने प्रश्नको निर्क्योल गरी सो अनुसार नै पाठ्यक्रम निर्माण गरिनुपर्दछ ।

(झ) विद्यार्थीको उमेर र त्यस उमेर अनुसारको उपयोगी हुने खालको भाषिक सीप शिक्षणमा जोड दिने पाठ्यक्रम निर्माण गरिनुपर्दछ ।

(ञ) भाषा पाठ्यक्रममा विषय वस्तुलाई प्रमुख साध्य नमानी साधन मानिनुपर्छ ।

(ट) भाषा पाठ्यक्रममा प्रशस्त अभ्यासहरु समावेश गरिनुपर्दछ ।

### २.२.५ पाठ्यपुस्तकको परिभाषा

नेपाली बृहत् शब्दकोश २०५२ को पृष्ठ सङ्ख्या ८१० मा पाठ्यपुस्तकलाई “विद्यालय एवम् विद्यापीठहरुमा विद्यार्थीहरुलाई औपचारिक तवरले पढाउने” भनी उल्लेख गरिएको छ ।

माथिको परिभाषालाई केलाउँदा पाठ्यपुस्तक भनेको कुनै पनि विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण प्रदान गर्ने, खास गरी आंशिक वा पूर्ण पाठयांशमा आधारित पुस्तक एवम् विद्यार्थीलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्ने पाठ्यक्रमद्वारा निर्धारित उद्देश्य पूरा गर्न तयार पारिएको सामग्री नै पाठ्यपुस्तक हो ।

### २.२.६ भाषा पाठ्यपुस्तकको परिभाषा

आर. ओ. निलका अनुसार “भाषा पाठ्यपुस्तकले सामग्री र अभ्यास उपलब्ध गराउनुका साथै सुनाई, बोलाई, पढाई र लेखाई सीपलाई वृद्धि गर्दछ । यसले संरचनालाई सिकाइको तहमा स्तरण गरी पहिले पढिसकेको संरचनालाई व्यवस्थित पुनरावृत्तिको अवसर प्रदानगर्दछ ।”

माथिको परिभाषालाई केलाउँदा भाषा शिक्षणका निम्ति उपयोग गरिने भाषा पाठ्यपुस्तक विषयवस्तु (ज्ञान), भाषिक सीप र व्याकरणको आधारभूत सामग्रीसमेत व्यवस्था गरिएको समन्वयात्मक रुप हो । भाषा पाठ्यपुस्तकमा भाषा साध्य र साधन दुबै हो र त्यसलाई सघाउनका निम्ति विषयवस्तुहरु साधनका रुपमा प्रयोग गरिन्छन् । भाषा पाठ्यपुस्तक भाषा पाठ्यक्रमद्वारा निर्धारित भाषिक उद्देश्यअनुरूप हुनुपर्दछ ।

### २.२.७ पाठ्यक्रम र पाठ्यपुस्तक बीचको भिन्नता

पाठ्यक्रमले निश्चित अवधिभित्र बालबालिकामा विकसित हुनुपर्ने ज्ञान, सीप तथा धारणाको विश्लेषण गरी त्यसलाई कुन रुपमा कसरी उनीहरुसम्म पुर्‍याउने भन्ने कुरा प्रस्तुत गरेको हुन्छ । त्यस्तै बालबालिकामा यस प्रकारको ज्ञान, सीप र धारणा विकास भए नभएको मूल्याङ्कन गर्ने तरिकासमेत पाठ्यक्रमले उल्लेख गरेको हुन्छ । कक्षामा शिक्षकले पढाउने मुख्य आधार पाठ्यक्रम नै भएपनि पाठ्यक्रमले निर्दिष्ट गरेको लक्ष्य प्राप्त गर्न अपनाइने माध्यम भने पाठ्यपुस्तक हो । तसर्थ यी दुई बीच रहेका तात्विक भिन्नताहरु यहाँ प्रस्तुत गरिएको छ ।

| पाठ्यक्रम | पाठ्यपुस्तक |
|---|---|
| १. पाठ्यक्रमले कुनैपनि शैक्षिक तहका लागि बालबालिकाको सर्वाङ्गीण विकासमा आवश्यक पर्ने पाठ्यांशका आवश्यकताहरुको उल्लेख गर्दछ । | १. पाठ्यपुस्तक भनेको एक शैक्षिक वर्षका लागि पाठ्यक्रमद्वारा निर्देशित विषयवस्तु सरल रुपमा प्रस्तुत गर्ने माध्यम हो । |
| २. पाठ्यक्रम निर्माणको प्रक्रियामा शिक्षाविद्, समाजशास्त्री, पाठ्यक्रम विशेषज्ञ र अभिभावकको समेत संलग्नता रहन्छ । | २. पाठ्यपुस्तक निर्माणमा सामान्यतया विषयगत विशेषज्ञको मात्र संलग्नता रहन्छ । |
| ३.पाठ्यक्रमले सिक्ने र सिकाउने विधिसमेत उल्लेख गर्दछ । | ३. यसले शिक्षण गर्नको निमित्त छानिएका विषय वस्तुको जानकारी दिन्छ । |
| ४. पाठ्यक्रमले शिक्षणका लागि विधि मात्र होइन बरु क्रियाकलाप र मूल्याङ्कन प्रक्रिया समेत उल्लेख गर्दछ । | ४. पाठ्यपुस्तक कुनै विषयमा शिक्षण मात्र गर्ने भएकोले यसमा निर्धारित क्रियाकलाप र मूल्याङ्कन समावेश हुन्छ । |
| ५. पाठ्यक्रम बढी सैद्धान्तिक हुन्छ, जसको प्रयोग पाठ्यपुस्तकको माध्यमबाट कक्षा कोठामा गरिन्छ । | ५. पाठ्यपुस्तक निश्चित विषयवस्तुको व्यवहारिक पक्ष हो, जसलाई कक्षाकोठामा शिक्षक विद्यार्थीहरुको प्रत्यक्ष प्रयोगमा आउँछ । |

(स्रोत : वाग्ले र पौडेल पृष्ठ : १५, १६)

## २.२.८ पाठ्यक्रम र पाठ्यपुस्तक बीच सम्बन्ध

पाठ्यक्रम शिक्षण प्रक्रियाको मुटु हो । पाठ्यक्रममा शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत सक्षमता, विषयवस्तुको छनोट, शिक्षण व्यवस्थापन, विषयवस्तुको क्रम, क्षेत्र आदि निर्देशित गरिएको हुन्छ । पाठ्यक्रमको लक्ष्यानुसार पाठ्यपुस्तक तयार गरिन्छ । पाठ्यक्रम र पाठ्यपुस्तक बीच तालमेल नभएमा शिक्षण क्रियाकलापको गुणस्तरमा नकारात्मक प्रभाव पर्दछ । त्यसैले यहाँ पाठ्यक्रम र पाठ्यपुस्तक बीच रहेका सम्बन्धलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. पाठ्क्रमले शिक्षण क्रियाकलापलाई व्यवस्थित बनाउन शैक्षणिक योजना निर्माण गर्दछ भने पाठ्यपुस्तकले पाठ्यक्रमको लक्ष्यहरु पूरा गराउने माध्यमको कार्य गर्दछ ।

२. पाठ्यक्रमद्वारा निर्देशित कुराहरु स्पष्ट पार्ने काम पाठ्यपुस्तकले गर्दछ ।

३. पाठ्यक्रमको निर्धारित लक्ष्यका निम्ति आवश्यक पर्ने विषयवस्तुका अतिरिक्त भाषिक अभ्यासको प्रस्तुति पाठ्यपुस्तकमा हुन्छ ।

४. पाठ्यक्रमले मूल्याङ्नको सैद्धान्तिक धारणा प्रस्तुत गर्दछ भने पाठ्यपुस्तकले मूल्याङ्कनलाई व्यवहारिक रुप प्रदान गर्दछ ।

५. पाठ्यक्रम सैद्धान्तिक सन्दर्भ सामग्री हो भने पाठ्यपुस्तक पाठ्यक्रमको प्रयोगात्मक सन्दर्भ सामग्री हो ।

६. पाठ्यक्रम शैक्षिक आवश्यकताको छनोटको आधारमा तयार हुन्छ, राष्ट्रिय आवश्यकता पहिचान गर्ने लक्ष्य लिएको हुन्छ भने पाठ्यपुस्तक शैक्षिक आवश्यकतालाई निदान गर्ने तर्फ केन्द्रित हुन्छ ।

७. पाठ्यक्रममा स्रोत सामग्रीको उल्लेख हुन्छ भने पाठ्यपुस्तकमा स्रोत सामग्रीलाई प्रस्तुत गरिन्छ ।

८. पाठ्यक्रमद्वारा निर्धारित लक्ष्य पूर्तिका निम्ति तयार गरिने पाठ्यपुस्तक स्पष्ट एवम् सन्तुलित हुनुपर्दछ ।

(स्रोत : ढुङ्गेल र दाहाल :२०६२ पृष्ठ : १०४)

## २.३ **भाषा पाठ्यपुस्तक अध्ययन र विश्लेषणका आधार**

शिक्षण सिकाइ गुणस्तरीय हुन पाठ्यक्रम स्तरीय हुनुपर्छ र पाठ्यक्रमको लक्ष्य हाँसिल गर्नका लागि पाठ्यपुस्तक झन स्तरीय हुनु जरुरी छ । अपेक्षित शैक्षिक उद्देश्य प्राप्त गर्नको लागि उपयुक्त शैक्षिक व्यवस्थापन, दक्ष शिक्षक, पाठ्यक्रम र पाठ्यपुस्तकको कुशलतापूर्वक प्रयोग हुनु अपरिहार्य देखिन्छ । यी तत्वहरु मध्ये शिक्षण क्रियाकलापको प्रमुख आधार नै पाठ्यपुस्तक मानिन्छ । पाठ्यपुस्तक शिक्षकको लागि विश्वासिलो र विद्यार्थीको लागि निर्विकल्प सामग्री हो । त्यसमा पनि हाम्रो जस्तो मुलुकका लागि कक्षा क्रियाकलापको मुख्य आधार सामग्री पाठ्यपुस्तक नै मानिन्छ । पाठ्यपुस्तकमा राखिएका क्रियाकलापबाट ज्ञान, बोध, सीप र व्यवहारको विकास गर्नुपर्ने हुँदा पाठ्यपुस्तक असल र सबल हुनु नितान्त आवश्यक देखिन्छ । पाठ्यपुस्तक शिक्षक र विद्यार्थीकालागि एउटा असल मित्र मात्र नभएर प्रमुख आधार सामग्री र मियो मानिन्छ, जसका आधारमा शिक्षक र विद्यार्थी सम्पूर्णले शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्दछन् । अत : यस्तो महत्वपूर्ण पाठ्यपुस्तकको उपयुक्तता, सबलता, दुर्बलता, सान्दर्भिकता आदिको अध्ययन गरिनुपर्दछ । त्यसमा पनि पाठ्यक्रम र पठ्यपुस्तक समयसापेक्ष गतिशील एवम् परिवर्तनशील हुने भएकोले त्यसको समय समयमा अध्ययन विश्लेषण गरी सुधार गरिनु पर्दछ ।

कुनै पनि कुराको असल वा खराब छुट्याउन निश्चित कसौटीको आवश्यकता पर्दछ । असल पाठ्यपुस्तक हो कि होइन भनेर निष्कर्ष दिन पनि त्यस्तै कसौटी खोजी गर्नुपर्ने हुन्छ । तिनै कसौटी / आधार /मापदण्डका आधारमा पाठ्यपुस्तकको अध्ययन गरी निष्कर्षमा पुग्न सके अध्ययन सार्थक र उद्देश्यपूर्ण हुन्छ । यहाँ प्रा.डा. केदारप्रसाद शर्माद्वारा प्रस्तुत एवम् सङ्ग्रहित मापदण्ड वा आधारलाई टेकेर पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरिएको छ । प्रा.डा. शर्माका अनुसार पाठ्यपुस्तक विश्लेषणका आधारलाई तल प्रस्तुत गरिएको छ ।

### २.३.१ आन्तरिक आधार

पाठ्यपुस्तकको आन्तरिक पक्षलाई शैक्षिक पक्ष वा प्राज्ञिक पक्ष पनि भनिन्छ । आन्तरिक पक्षमा पुस्तकको केन्द्रीय भावहरु लुकेका हुन्छन् । शिक्षणीय पाठहरु जसमा आकर्षक शैलीको प्रयोग गरिएको हुन्छ । यसमा पाठ्यक्रमका उद्देश्य पुरा गराउने खालका विषयवस्तु, विधा संरचना तथा अभ्यास राखिएका हुन्छन् । यस भित्र निम्न तत्वहरु पर्दछन् :

#### २.३.१.१ विषयवस्तु

विषयवस्तु वा पाठ्यवस्तु नै पाठ्यपुस्तकको केन्द्रीय तत्व हो । पाठ्यवस्तुकै आधारमा पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरु प्राप्त गर्न सकिन्छ । तसर्थ पाठ्यपुस्तकमा विभिन्न विषय क्षेत्रका विषयवस्तु समावेश गरिन्छ । प्रयुक्त विषयवस्तुमा विविधता र समसामयिकता हुनुपर्दछ । त्यसका साथसाथै पाठ्यपुस्तक भौगोलिक, सामाजिक, साँस्कृतिक, लैङ्गिक, वैज्ञानिक, व्यवहारिक र सान्दर्भिक हुनुपर्दछ ।

पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तु विद्यार्थीको स्तर, रुचि, क्षमता, उमेर आदिलाई ध्यान दिँदै सरल र सहज रुपमा भाषिक बोध र अभिव्यक्तिको विकास गर्नसक्ने हुनुपर्दछ । समय र युगको माग अनुसार योग्य र सक्षम व्यक्तित्व विकास गर्न साँस्कृतिक र वातावरणीय परिवेश अनुकूलको पाठ्यवस्तु समायोजन गरिनु पर्दछ । पाठ्यवस्तुले राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, श्रमप्रति आस्था एवम् सम्मान र अनुशासन विकासमा जोड दिन सक्नु पर्दछ ।

पाठ्यपुस्तकमा विषयवस्तुलाई विभिन्न विधा - उपविधामा प्रस्तुत गरिएको हुन्छ । पाठ्यवस्तुमा समावेश गरिएका विषयवस्तुले भाषिक सीपलाई समेट्न सक्नुपर्दछ । सूचना सम्प्रेषणात्मक, सहयोगी, अभ्यासमूलक, आत्मीय, प्रबर्द्धनात्मक तथा सिर्जनात्मक भावनाको विकास गर्ने खालको पाठ्यवस्तु वाञ्छनीय मानिन्छ । पाठ्यपुस्तकमा विषयवस्तुको छनोट र स्तरण सही, सहज एवम् सजिलो हुनु पर्दछ ।

### २.३.१.२ विधा र प्रस्तुति

पाठ्यपुस्तकमा भाषिक सीप विकास साध्य भएकोले पनि विषयवस्तुलाई साधन / गौण रुपमा प्रस्तुत गरिन्छ । विषयवस्तुलाई विधागत स्वरुप र संरचनामा ढाली भाषिक सीप विकासमा जोड दिइएको हुन्छ । त्यसकारण पाठ्यपुस्तकमा विधागत विविधता अपरिहार्य हुन्छ । विधागत विविधताबाट बोध र अभिव्यक्ति क्षमताको विकास गर्न सजिलो हुन्छ । विभिन्न भाषिक सीपहरु हाँसिल गर्न फरक - फरक विधाको अलग - अलग प्रस्तुतिबाट अभ्यास गराउनु पर्ने हुन्छ । एउटा विधाबाट प्राप्त गर्न सकिने भाषिक सीप अर्को विधाबाट प्राप्त गर्न नसकिने पनि हुन सक्छ । त्यस्तै विद्यार्थीहरुको उमेर समूह अनुसार पनि खास - खास विधाहरु आकर्षक र अनाकर्षक हुन सक्छन् । हरेक विधाले शब्दभण्डारगत र शैलीगत प्रस्तुतिका विशेषता बोकेका हुन्छन् ।

विधाहरुको प्रस्तुति स्थूलबाट सूक्ष्मतिर, सरलबाट जटिलतिर, सान्दर्भिक र आकर्षित हुनुपर्दछ । विधालाई स्तरण गर्दा उत्सुकता, जिज्ञासा, कौतुहलताका साथै क्रमिकता र विविधतामा समेत ध्यान पुऱ्याउनु आवश्यक देखिन्छ । अत : विधागत विविधता र व्यवस्थित ढङ्गको छनोटमा पनि ध्यान दिनुपर्दछ ।

### २.३.१.३ भाषिक संरचना र शैली

भाषिक संरचना भनेको बनोट / निर्माण प्रक्रिया हो भने शैली भनेको रीति वा तरिका हो । भाषा भाव वा विचारको विनिमय गर्ने एक सशक्त माध्यम हो । भाषिक सीप विकासलाई केन्द्रविन्दुमा राखेर विद्यार्थीको रुचि, क्षमता र स्तर अनुसार सरल, स्पष्ट, मानकीय र सुबोध्य भाषाको प्रयोग गर्नुपर्दछ । भाषामा शब्दसङ्ख्या, वाक्य संरचना र आकारगत वितरणमा यथोचित नियन्त्रण कायम हुनु आवश्यक छ । आधारभूत तहमा (पहिले प्राथमिक तह) शब्दभण्डार र संरचना नियमित रुपमा प्रस्तुत हुन्छ । विधा र विषयवस्तुलाई आकर्षक र सान्दर्भिक बनाउन भाषिक संरचना र शैलीको मुख्य हात हुन्छ । भाषिक संरचनाकै कुरा गर्दा आधारभूत तह र अझ माध्यमिक तह सम्म नै व्याकरण शिक्षण छुट्टै नगरी विधाका पाठकै आधारमा र भाषा प्रयोगको सन्दर्भबाटै गराउनु आवश्यक देखिन्छ । अतः पाठ्यपुस्तकमा भाषिक संरचना र शैलीलाई ख्याल गर्नु नितान्त आवश्यक छ ।

### २.३.१.४ अभ्यास

विधागत पाठलाई शिक्षण क्रियाकलाप पश्चात जाँच गर्न राखिएका उपकरणहरु नै अभ्यास हुन् । अभ्यास भिन्न विधाहरु मूल्याङ्कन गरी उद्देश्य प्राप्ति गराउने प्रमुख माध्यम हो । भाषिक सीपहरुमा दक्षता गराउने प्रमुख माध्यम नै अभ्यास हो । हरेक पाठको अन्त्यमा अभ्यास राखिएका हुन्छन् । ती अभ्यास पाठको मूल्याङ्कन गर्ने गरी हुनु असल मानिन्छ । हरेक पाठ भाषिक सीप विकाससँग सम्बन्धित हुन्छन् भने हरेक अभ्यास सीप प्राप्ति हुने गरी समावेश गरिनुपर्दछ । भाषिक सीप नै भाषिक व्यवहारको प्रयोग पक्ष हो । पाठ्यपुस्तकमा जति बढी अभ्यास हुन्छ, त्यति नै भाषिक दक्षता प्रदान गर्न सहयोग् मिल्दछ ।

विधाको प्रयोजन र पाठ्यवस्तुको प्रवृत्ति अनुसार अभ्यासमा विविधता पाइन्छ । जस्तो कविता विधाबाट संबादात्मक र अभिनयात्मक सीप र कथाबाट, निबन्धबाट र रुपक विधाबाट लयबोध सीपको विकास गर्न सकिँदैन । शब्दभण्डार, सस्वरवाचन र व्याकरणिक सीपको विकास चाहीँ सबै विधाबाट पाउन सकिन्छ । अभ्यासहरु पनि सरलबाट जटिलतिरको संयोजनमा राखिनुपर्दछ । त्यसमा पनि विद्यार्थीको रुचि, क्षमता, स्तर र भाषिक आवश्यकता अनुकूल पहिचानात्मकभन्दा उत्पादनात्मक अभ्यासको व्यवस्था उपयुक्त मानिन्छ । नमुना अभ्यास मौखिक, लिखित र प्रयोगात्मक जे जस्तो प्रवृत्ति र प्रकृतिको भएपनि भाषिक उद्देश्य प्राप्तिका लागि विविधतापूर्ण हुनुपर्दछ । उच्चारण, वर्णविन्यास, शब्दनिर्माण र प्रयोग, वाक्यनिर्माण र प्रयोगका साथै स्वतन्त्र र सिर्जनात्मक रचना क्षमताको विकास गर्न सहायक सिद्ध हुनुपर्दछ । अभ्यासले शुद्धा शुद्धी बनाउन व्याकरणिक पक्षलाई ध्यान दिनुपर्दछ । अर्थात अभ्यास खण्ड व्यवहारिक र वैज्ञानिक हुनु आवश्यक छ ।

### २.३.१.५ चित्र

भनिन्छ, चित्र आफैं बोल्दछ । हजारौं शब्दमा बयान गरेर पनि अर्थ र धारणा स्पष्ट गर्न नसकिने कुरालाई एउटै चित्रका माध्यमले सजिलै स्पष्ट धारण बसाल्न सकिन्छ । (शर्मा, पौडेल २०६० : ३६४) पाठ्यपुस्तक आकर्षक, रुचिपूर्ण, उद्देश्यमूलक र मूर्त बनाउन चित्रहरुको

यथोचित मात्रामा प्रयोग गर्नुपर्दछ । शाब्दिक वर्णनभन्दा चित्रद्वारा बुझाउन सयौँ गुणा सजिलो मानिन्छ । दीर्घकालसम्म धारणा राख्न / बुझ्न विद्यार्थीलाई सहज हुन्छ । जस्तो कि हात्तीको बारेमा वर्णन गर्नुभन्दा हात्तीको चित्र नै प्रस्तुत गरी शिक्षण कार्य गर्दा सिकाइ प्रभावकारी, स्थायी, मूर्त र दीर्घकालीन हुने गर्दछ । पाठ्यवस्तुलाई सरलीकरण गर्न रेखाचित्र, बृक्षचित्र एवम् तालिकाको प्रयोग गर्न सकिन्छ । आधारभूत तहमा उच्च तहभन्दा बढी चित्र प्रयोग गर्नु प्रभावकारी मानिन्छ । तहअनुसार चित्रहरु पनि भिन्न - भिन्न प्राकृतिका हुने गर्दछन् । साना कक्षाहरुमा राखिने चित्रहरु रङ्गीन, स्पष्ट, ठूला र वस्तुगत हुनुपर्दछ किनकि अक्षर र शब्द सिकाइकालागि पनि चित्रहरुको प्रशस्त प्रयोग गरिन्छ । माथिल्ला तहकालागि प्रयोग गरिने चित्रहरु बढी भावनात्मक र श्यामश्वेत हुनुपर्दछ । अतः पाठ्यपुस्तकमा चित्रहरु राख्नु आवश्यक हुन्छ ।

यसरी विषयवस्तुको प्रकृति र सान्दर्भिकता अनुसार चित्र वा दृष्यावलीको प्रयोग गरिन्छ । पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरुको रखाई, स्पष्टता, आकार, सङ्ख्या, भाव र मूर्तताको दृष्टिले उत्तम हुनुपर्दछ । अत : चित्रको उपयुक्तताको आधारमा पाठ्यपुस्तकको सबल र दुर्बलताको निरुपण गर्न सकिन्छ ।

### २.३.१.६ भूमिका निर्देशन आदि

भूमिका पाठ्यपुस्तकको परिचयात्मक खण्ड हो । यसलाई मुख्य पाठ्यवस्तु सुरु हुनु अघि प्रस्तुत गरिन्छ । यस खण्डमा लेखक, सम्पादक, भूमिका, कृतज्ञता र पुस्तक प्रयोग गर्ने तरिका समावेश गरिन्छ । यसमा अन्य जानकारीको साथै समग्र पाठ्यवस्तुको विषयसूची पनि संलग्न गराइन्छ । यस खण्डले विषयवस्तु संघारसम्म पुग्ने प्रेरक वातावरणको सङ्केत गर्दछ भने निर्देशनले चाँहि शिक्षण विधि, प्रकिया र कार्यकलापहरुबारे स्पष्ट मार्ग निर्देशन गर्दछ । अतः शिक्षण सिकाइमा एकरुपता र उपलब्धिगत प्रभावकारीता ल्याउनमा मद्दत गर्दछ । पाठ्यपुस्तकको अध्ययन, विश्लेषण गर्ने कममा यस खण्डको पनि ख्याल गर्नुपर्छ ।

#### २.३.१.७ अन्तिम पृष्ठहरु

असल पाठ्पुस्तकको आन्तरिक विशेषतामा अन्तिम खण्डको रुपमा अन्तिम पृष्ठहरु रहन्छन् । यस खण्डमा शब्दसूची, शब्दकोश, व्याख्या तालिका, अनुक्रमणिका समावेश हुन्छ । यी बाहेक केही भाषिक अभ्यासहरु पनि राख्न सकिन्छ । मुख्य पाठ्यवस्तुमा समावेश गर्न नसकिएका अभ्यासलाई परिशिष्टाङ्गको रुपमा पाठ्यसामग्रीमा राख्नाले पाठ्यवस्तुको थप पुष्टि र विस्तृतिकरणकालागि उपयुक्त मानिन्छ । त्यसैले अन्तिम पृष्ठका आधारमा पनि पठ्यपुस्तकको अध्ययन र विश्लेषण गर्न सकिन्छ ।

### २.३.२ बाह्य आधार

पाठ्यपुस्तकको यस आधारलाई परिधीय पक्ष वा भौतिक पक्ष पनि भनिन्छ । पाठ्यपुस्तकको बाह्य आधार  आकर्षक, टिकाउ, बलियो, रुचिपूर्ण साथ साथै बाहिरबाट झट्ट हेर्दा पढौं - पढौं लाग्ने किसिमको हुनुपर्दछ । यो खण्डले पनि पाठ्यपुस्तकको प्रभावकारितामा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अन्तर्गतका प्रत्येक तत्वलाई यहाँ बुँदागत रुपमा प्रस्तुत गरिएको छ ।

#### २.३.२.१ आवरण पृष्ठ

पाठ्यपुस्तकको सबैभन्दा बाहिरी खण्डलाई आवरण पृष्ठ भनिन्छ । यसले पाठ्यपुस्तकलाई सुरक्षा दिने भएकोले यो सुरक्षा कबच पनि हो । पाठ्यपुस्तकको उद्देश्य प्राप्तिमा यस खण्डले महत्वपूर्ण भूमिका खेल्दछ । त्यसैले आवरण पृष्ठ आकर्षक, मनमोहक, बलियो र कलात्मक हुनुपर्छ । यसले पाठप्रति रुचि जगाउने कार्य गर्दछ । सुरक्षा कवच भनिएकोले यो खण्ड घाम, पानी र असिनाले असर नपुग्ने, छपाइ नबिग्रिने, बाक्लो र स्तरीय कागज प्रयोग भएको हुनुपर्दछ । साना कक्षाकालागि रङ्गीन चित्रयुक्त, प्लाष्टिक कोटेड आवरण राम्रो हुन्छ । जसले गर्दा सिकाई प्रति बालरुचि जागृत हुनुका साथै पाठ्यपुस्तकको आयु पनि बढ्दछ ।

### २.३.२.२ बनोट

बनोट पाठ्यपुस्तकको बाहिरी र सिङ्गो आकारयुक्त स्वरुप हो । कक्षा, तह, र विद्यार्थीको स्तर अनुसार नै पाठ्यपुस्तकको आकारप्रकार र बनावट छनोट गरिएको हुन्छ । तल्ला कक्षाकालागि रङ्गीन, आकर्षक र प्लाष्टिक कोटेड आवरणयुक्त केही ठूला आकारका पाठ्यपुस्तक उपयुक्त मानिन्छ । माथिल्ला तहका लागि आकर्षक आवरणयुक्त मध्यम आकार वा डिमाइ साईजको उपयुक्त मानिन्छ ।

शर्मा र पौडेल (२०६०) अनुसार १२ इन्च चौडाई, १६ इन्च लम्वाई भएका किताब व्यवहारिक आकारका हुन सक्छन् । धेरै बाक्ला र वजन भएका पाठ्यपुस्तक पनि उपयुक्त हुदैनन् । विद्यार्थीले दुबै हात फिँजाएर पनि पढ्न नसक्ने पाठ्यपुस्तकभन्दा ठिक्क आकारका पाठ्यपुस्तक उत्तम मानिन्छ । त्यसैले पाठ्यपुस्तकको अध्ययन र विश्लेषण गर्दा यस खण्डलाई पनि मध्यनजर राख्नुपर्दछ ।

### २.३.२.३ छपाई

पाठ्यपुस्तकको बाहिरी विशेषताहरु मध्ये छपाई पनि एक हो । पाठ्यपुस्तकको छपाई सफा र स्पष्ट हुनुपर्दछ । स्तरीय तथा शुद्ध छपाइले पनि पाठ्यपुस्तकको गुणस्तरलाई निर्धारण गर्दछ । यस अन्तर्गत किनारा छोडाई, पाठ शीर्षक, उपशीर्षक आदिमा प्रयुक्त अक्षराकार, अक्षरहरुको चहकपना, पङ्क्ति, शब्द र वाक्य तथा अनुच्छेदहरुको लम्बाइ र तिनीहरु बीचको दुरी, शब्द र पङ्क्ति वा वाक्यलाई रेखाङ्कित वा अन्य तरिकाहरु अपनाएर विशेष रखाईको व्यवस्था गर्न सकिन्छ । तल्ला तहको हकमा विविध रङ्गको मसी प्रयोग गरिए पनि माथिल्ला तहकालागि कालो मसीको प्रयोग ठूला अक्षरमा चहकतासाथ पाठहरुलाई प्रस्तुत गर्नु उचित मानिन्छ । छपाईको क्रममा अन्तराल चौडाई र अव्यवस्थित किनारा छोडाईले पाठ्यपुस्तकको सुन्दरता र महिमालाई नष्ट पार्दछ । छपाईमा प्रयुक्त मसी कागज नफुल्ने र नउड्ने खालको हुनुपर्दछ । त्यस्तै वर्णविन्यास र व्याकरणीक सुधारमा पनि उत्तिकै चनाखो हुनुपर्दछ । अत : पाठ्यपुस्तकको उद्देश्य सिकारुको रुचि, स्तर, क्षमता र आवश्यकता अनुसारको छपाई उत्तम मानिन्छ ।

### २.३.२.४ बँधाइ

पाठ्यपुस्तकको बाहिरी विशेषतामा बँधाइ पनि पर्दछ । राम्रो छपाई मात्र भएर पुग्दैन, बँधाइ पनि त्यतिकै राम्रो र चट्ट मिलेको हुनुपर्दछ । पाठ खापिने, छिट्टै पाना उप्किने, पाना नअडिने, स्ट्याब्लर पनि बाहिरबाट नै देखिने जस्ता अवगुणबाट पाठ्यपुस्तक मुक्त हुनुपर्दछ । त्यस्ता अवगुणहरुबाट बँच्न बलियो धागोले सिएर स्टयाप्लरले बलियो क्लिप गरेर गम वा फेविकोलले राम्ररी टाँसेर मजबुत बँधाइ गर्नुपर्दछ । साना बालबालिकाहरु असचेत भएको हुनाले उनीहरु पाठ्यपुस्तकलाई खेल्ने सामग्रीको रुपमा पनि प्रयोग गर्दछन् । यस्तो अवस्थामा पाठ्यपुस्तकको बँधाइ दरिलो र मजबुत हुनुपर्दछ ।

### २.३.२.५ कागजको स्तर

विषयवस्तुको मञ्चन गर्ने मञ्च नै कागज हो । त्यसकारण राम्रो र स्तरीय कागजको प्रयोग गर्नु आवश्यक हुन्छ । चिप्लो, मसिनो, सेतो, बाक्लो कागजमा छपाई स्तरीय हुनुका साथै पठनरुचि बढ्छ र अपेक्षित उद्देश्य प्राप्तिमा सघाउँछ । देख्दै मैलो, पुरानो, अक्षर छेडने, सडेको कागजको प्रयोगले पुस्तक टिकाउ नहुनुका साथै सिकाइमा निरुत्साहित बनाउँछ ।

जसबाट खर्च बढाइ झन्झट सिर्जना गर्दछ । त्यसकारण असल पाठ्यपुस्तककोलागि स्तरीय र गतिलो कागज प्रयोग नगरी हुदैन । जसबाट मसिना बालबालिकाहरुलाई पाठ्यपुस्तकसँग रम्न, खेल्न र पढ्न उत्साह थप्न सकोस् । कमसल कागजमा छपाई गर्दा छापेको कुरा अर्कोपट्टि पारदर्शी भई पढ्न नमिल्ने, दोब्रिने, पाना पल्टाउँदा धुजा  धुजा भई च्यातिने र छापिएका अक्षर पनि राम्रो देखिँदैन । अतः पाठ्यपुस्तकमा गुणस्तरीय कागजको प्रयोग गरिनु नितान्त आवश्यक देखिन्छ ।

### २.३.२.६ मूल्य र सुलभता

पाठ्यपुस्तक मूल्यका हिसाबले पनि सुलभ हुनुपर्दछ ताकि हाम्रो जस्तो गरीब मुलुकका अधिकांश गरिबीको रेखामुनि रहेका अभिभावकहरुले सुलभ तरिकाले सजिलैसँग किन्न सकून् । पाठ्यपुस्तक व्यापारिक मुनाफाको दृष्टिले नभई सुलभ तरिकाले प्राप्ति गर्ने दृष्टिले उपलब्ध हुनुपर्दछ अर्थात सेवामुखी हुनुपर्दछ । आधारभूत तहका पाठ्यपुस्तक राज्यले निःशुल्क वितरण गर्नुपर्दछ । हाल नेपाल सरकारले सो को व्यवस्था गरेको छ ।

खोजेको वा चाहेको समयमा सर्वत्र पाउने किसिमले हुनुपर्दछ । त्यसमा पनि खास गरी शैक्षिक सत्रको सुरुमा नै पाठ्यपुस्तक विद्यालयमा वा विद्यार्थीको हात - हातमा पुगि सक्नुपर्दछ । सम्बन्धित निकायले त्यस्तो व्यवस्था मिलाउने प्रयास गर्नुपर्दछ ।

### २.३.२.७ सारांश

पाठ्यक्रमले निर्धारण गरेको शैक्षिक उद्देश्य पूरा गर्नकोलागि तयार पारिएको ठोस शैक्षिक सामग्री नै पाठ्यपुस्तक हो । नेपालको सन्दर्भमा विद्यार्थी र शिक्षकको एकमात्र सामग्री पनि पाठ्यपुस्तक हो । पाठ्यपुस्तक अध्ययन र विश्लेषणका प्रमुख दुई आधारहरु छन् । ( शर्माका अनुसार) (१) आन्तरिक आधार : जस अन्तर्गत विषयवस्तु/पाठ्यवस्तु, विधा प्रस्तुति, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिका निर्देशन आदि र अन्तिम पृष्ठहरु पर्दछन् । (२) बाहृय आधार : जस अन्तर्गत आवरण पृष्ठ, बनोट, छपाई, बँधाई, कागजको स्तर, मूल्य र सुलभता आदि पर्दछन् । यी दुई आधारमा भाषा पाठ्यपुस्तक सबल वा दुर्बल भएको निष्कर्ष निकाल्न सकिन्छ ।

# परिच्छेद - तीन

## अध्ययन विधि र प्रक्रिया

### ३.१.१ अध्ययन विधि र विश्लेषण

कुनै पनि अनुसन्धान वा शोधकार्य कुनै निश्चित नियमको अधीनमा रहेर अगाडि बढ्नुपर्दछ । यो शोधकार्य पनि सोही बमोजिम अगाडि बढेको छ । यो शोधकार्य निम्न विधिको प्रयोग गर्दै अघि बढेको छ ।

### ३.१.१ तुलनात्मक विधि

दुई वा सो भन्दा बढी चल, घटना वा विषयहरुको तुलना गर्दै निष्कर्ष निकाल्ने विधी नै तुलनात्मक विधि हो । तुलनात्मक अध्ययनमा ती दुई पक्षहरुको समानता, असमानता, प्रवृत्तिगत मेल, बेमेल, निकटता, दूरता आदि कुराको परीक्षण गरी व्याख्या विश्लेषण गरिन्छ। तुलनीय पक्षहरुको छनोट नै यसको चुनौती हो । यसकालागि अध्येतालाई तुलना गरिने सबै पक्षहरुको सम्यक ज्ञान हुनु आवश्यक छ ।

प्रस्तुत शोधपत्रमा मूलतः दुबै पाठ्यपुस्तकहरुको विधा, अभ्यास, क्षेत्र, क्रम र पाठहरुलाई एक आपसमा तुलना गरिएको छ । दुबै पाठ्यपुस्तकहरुको बाह्य आधार अन्तर्गत आवरण पृष्ठ, आकार, छपाई, बँधाई, कागजको स्तर, मूल्य तथा सुलभतालाई तुलना गरी अध्ययन गरिएको छ । आन्तरिक आधार अन्तर्गत विषयवस्तु, विधा प्रस्तुति, भाषिक संरचना र शैली, नमूना अभ्यास, चित्र, भूमिका तथा अन्तिम पृष्ठहरुको आधारमा तुलना एवम् अध्ययन गरिएको छ । दुबैलाई पाठ्यक्रम अनुरूपताको आधारमा समेत तुलना गरी पाठ्यक्रम अनुरूप पाठ्यपुस्तकहरुको सबल र दुर्बल पक्षहरु पत्ता लगाउने कार्य गरिएको छ । **मेरो नेपाली किताब कक्षा ५** र **वैखरी** मा प्रयोग भएका भाषिक प्रस्तुति र शैलीको दृष्टिकोणले मापन गर्ने काममा तुलनात्मक विधीको प्रयोग गरिएको छ ।

### ३.१.२ व्याख्या विश्लेषण विधि

भाषिक अनुसन्धानका सामान्य विधिहरुमध्ये व्याख्या विश्लेषण विधी पनि प्रचलित विधी हो । समसामयिक घटना, परिस्थिति, विषयवस्तु तथा जटिल समस्यालाई आधार बनाएर अनुसन्धान गरिने विधी व्याख्या विश्लेषण विधी हो । यस विधीले विद्यमान समस्यालाई नै अध्ययनको मूल विषय बनाउँछ । यस विधीको मुख्य उद्देश्य कुनै घटना, परिस्थिति, विषय वा भाषा खोजी गर्दै तिनको विश्लेषण गरी नवीन तथ्य पहिल्याउनु हो ।

प्रस्तुत शोधपत्रमा दुबै पाठ्यपुस्तकको आन्तरिक आधार एवम् बाह्य आधारमा समानता र असमानताको व्याख्या एवम् विश्लेषण गरिएको छ । यस विधीबाट अध्ययन गर्दा निम्न अनुसारको प्रक्रिया अपनाइएको छ ।

**क) समस्या पहिचान** :-

शोध शीर्षकको प्रमुख समस्यालाई आधार बनाएर त्यस समस्याको व्याख्या र विश्लेषण गरिएको छ ।

**ख) उद्देश्य निर्धारण** :

शोध शीर्षकसँग सम्बन्धित उद्देश्यहरुलाई निर्धारण गरी उद्देश्य पूरा हुने किसिमले व्याख्या र विश्लेषण गरिएको छ ।

**ग) चलहरुको निर्धारण तथा नमुना छनोट** :-

अनुसन्धानलाई उद्देश्यमूलक बनाई तार्किक निष्कर्षमा पुऱ्याउन अनुसन्धानसँग सम्बन्धित चलहरुको निर्धारण गरेर नमूना छनोट गरी व्याख्या र विश्लेषण गरिएको छ ।

**घ) तथ्याङ्क सङ्कलन र विश्लेषण** :-

नमूना छनोट पश्चात दुबै पाठ्यपुस्तक र पाठ्यक्रमबाट तथ्याङ्क सङ्कलन गरी त्यसलाई विभिन्न समूहमा राखेर तथ्यको विश्लेषण गरिएको छ ।

**ङ) प्रतिवेदन निर्माण :-**

तथ्याङ्क विश्लेषण पछि आवश्यक तथ्याङ्कलाई राखेर त्यसैको आधारमा विश्लेषण गरी निष्कर्ष निकालेर प्रतिवेदन तयार गरिएको छ ।

### ३.१.३ पुस्तकालयीय अध्ययन

विभिन्न पुस्तकालयमा गएर आवश्यक सामग्री सङ्कलन गरिने विधीलाई पुस्तकालयीय अध्ययन भनिन्छ। पुस्तकालय भनेको सम्पूर्ण ज्ञानको भण्डार हो।

यस शोधपत्रमा आवश्यक सामग्रीहरु विभिन्न पुस्तकालयबाट सङ्कलन गरिएको छ। यसै शोधपत्रको 'पूर्वकार्यको पुनरावलोकन' उपशीर्षकमा राखिएका विभिन्न खोज तथा अनुसन्धानपत्र र शोधपत्रहरु पुस्तकालयबाट उपलब्ध गराई आवश्यक सामग्री लिईएको छ।

## ३.२ तथ्याङ्क सङ्कलनका स्रोत

कुनै पनि अनुसन्धान कार्यकालागि आवश्यक सामग्रीको खोजी गर्ने कार्य महत्वपूर्ण मानिन्छ। सामग्री शोधकार्यकोलागि विशिष्ट माध्यम हुन्। सामग्रीहरु सङ्ख्यात्मक र गुणात्मक रुपमा सङ्कलन गरिन्छन्। अध्ययनलाई वैध, प्रमाणिक र विश्वसनीय बनाउने आधार भनेको नै सामग्री हुन्। तिनै प्रमाणिक सामग्रीको आधारमा निष्कर्ष निकालिने गरिन्छ। सामग्री सङ्कलनका दुई तरिका छन्। पहिलो प्राथमिक स्रोत र दोस्रो द्वितियक स्रोता यस शोधपत्रमा द्वितियक स्रोतको मात्र प्रयोग गरिएको छ।

### ३.२.१ द्वितियक स्रोत

पहिले अरु शोधकर्ता, व्यक्ति तथा संस्थाले सङ्कलन गरेका सामग्रीलाई द्वितियक स्रोतका रुपमा प्रयोग गरिएको छ। पूर्वकार्यको पुनरावलोकनमा राखिएका विभिन्न लेख, अध्ययनपत्रलाई यस सन्दर्भमा प्रयोग गरिएको छ।

प्रस्तुत शोधपत्रमा प्रयोग भएका प्रमुख द्वितियक स्रोत सामग्रीहरु यसप्रकार छन् :-

#### क) प्रकाशित पुस्तकहरु

विभिन्न संघ - संस्था, व्यक्ति, प्रकाशन संस्थाबाट प्रकाशित पुस्तकहरुबाट सामग्रीको छनोट गरिएको छ। 'पुस्तकको पुनरावलोकन' शीर्षकमा राखिएका पुस्तकहरुको अध्ययन गरिएको छ।

**ख) अध्ययन प्रतिवेदन**

विभिन्न समस्याको निराकरणकोलागि भएका अध्ययन प्रतिवेदनका निष्कर्ष र आवश्यक पर्ने उपयुक्त नीति-निर्माण आदिका प्रतिवेदनहरुलाई समेत सङ्कलन गरी अध्ययन गरिएको छ ।

**ग) अनुसन्धान तथा अनुसन्धान सार**

पहिले भएका विभिन्न अनुसन्धानहरु र अनुसन्धानको सार निकालिएका त्यस्ता अनुसन्धान सारबाट आवश्यक सामग्री सङ्कलन गरी अध्ययन गरिएको छ ।

**घ) व्यक्तिगत आलेखहरु**

व्यक्तिले आफ्नो बारेमा आफैले लेखेका तथा अन्य व्यक्तिले लेखिदिएका जीवनी, संस्मरण आदिबाट उपयोगी सामग्रीहरुको छनोट गरी अध्ययन गरिएको छ ।

**ङ) अप्रकाशित आलेख**

विभिन्न विद्वानहरुको मौखिक भनाइलाई, संघ-संस्था तथा व्यक्तिहरुको अप्रकाशित आलेखहरुबाट सामग्रीहरु छनोट गरी अध्ययन गरिएको छ ।

**च) समाचार पत्र**

विभिन्न समाचारपत्रमा प्रकाशित अनुसन्धानकोलागि महत्वपूर्ण सूचना, तथ्याङ्क, वीचार, भनाई आदिको उपयोग गरी अध्ययन गरिएको छ ।

## ३.३ सारांश

प्रस्तुत शोधपत्रमा तुलनात्मक, व्याख्या विश्लेषण र पुस्तकालय अध्ययन कार्य प्रयोग गरिएको छ । सामग्री संङ्कलनका स्रोतहरुमा प्रमुख रुपमा द्वितियक स्रोत अन्तर्गत प्रकाशित पुस्तक, अध्ययन प्रतिवेदन, अनुसन्धान तथा अनुसन्धान सार, व्यक्तिगत आलेख, अप्रकाशित आलेख, समाचारपत्र अदिको प्रयोग गरी अध्ययन गरिएको छ ।

# परिच्छेद - चार

## निर्दिष्ट पाठ्यपुस्तकहरुको तुलनात्मक अध्ययन

पाठ्यक्रमको आधारमा पाठ्यपुस्तक निर्माण भएको हुन्छ । पाठ्यक्रमले राखेका उद्देश्यहरु परिपूर्ति गर्नका लागि तयार पारिएको पाठ्यक्रमको मूर्त रुप नै पाठ्यपुस्तक हो । अब यस परिच्छेदमा कक्षा ५ को नेपाली किताब र वैखरी बीच एउटा असल पाठ्यपुस्तकका आन्तरिक र बाह्य गुणको आधारमा तुलनात्मक अध्ययन गर्ने प्रयास गरिएको छ ।

### ४.१ आन्तरिक पक्षः

### ४.१.१. विषयवस्तु

दुबै पाठ्यपुस्तकमा संयोजन गरिएका विद्यागत पाठहरुले ओगटेको क्षेत्रलाई तल प्रस्तुत गरिन्छ ।

**विद्यागत पाठ र क्षेत्रगत तुलना**
**तालिका नं. १**

| क्र.सं. | मेरो नेपाली किताब कक्षा ५ | | | वैखरी कक्षा ५ | | | |
|---|---|---|---|---|---|---|---|
| | विद्या | पाठ शीर्षक | क्षेत्र | क्र.सं. | विद्या | पाठ शीर्षक | क्षेत्र |
| १ | कविता | नैतिक दृष्टान्त | नैतिक | १ | कविता | स्वदेशको माया | राष्ट्रभाव |
| २ | कविता | किसानको रहर | सामाजिक | २ | कविता | राम्रो नराम्रो | नैतिक |
| ३ | कविता | नदी | प्रकृति | ३ | कविता | त्यस्तो हुँदा कस्तो | प्रकृति |
| ४ | कविता | देशको माया | प्रकृति | | - | - | - |
| ५ | कविता | राष्ट्रिय गौरव | नैतिक | | - | - | - |
| ६ | कक्षा | कर्मको फल | नैतिक | ४ | कथा | स्याल र बकुल्लो | बौद्धिक |
| ७ | कथा | आँखाको ज्योति | लोक कथा | ५ | कथा | बदला लोक | कथा |
| ८ | कथा | अनौठो प्रश्न | कथा | ६ | कथा | टार्जन | कथा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ९ | कथा | प्रेरणा | सामाजिक | ७ | कथा | अनौठो भूमिमा एलिस | बाल कथा |
| १० | कथा | सबैभन्दा ठूला भक्त | पौराणीक | | - | - | - |
| ११ | कथा | पश्चाताप | पौराणीक | | - | - | - |
| १२ | प्रबन्ध | कामको महिमा | वर्णनात्मक | ८ | प्रबन्ध | पृथ्वी | वर्णनात्मक |
| १३ | प्रबन्ध | समय | वर्णनात्मक | ९ | प्रबन्ध | डाइनोसरको अभिवादन | वर्णनात्मक |
| १४ | प्रबन्ध | हाम्रो यात्रा | वर्णनात्मक | १० | प्रबन्ध | एउटा अविस्मरणीय भ्रमण | वर्णनात्मक |
| १५ | प्रबन्ध | सिक्नुपर्ने कुरा | विचारात्मक | १५ | - | - | - |
| १६ | प्रबन्ध | किताब कसरी बन्छ ? | विवरणात्मक | १६ | - | - | - |
| १७ | प्रबन्ध | नर्सको जिवन | विचारात्मक | १७ | - | - | - |
| १८ | रुपक | बाल दिवस | सम्वाद | १८ | - | - | - |
| १९ | रुपक | रीसको औषधि | सम्वाद | १९ | - | - | - |
| २० | रुपक | परीक्षाको तयारी | सम्वाद | ११ | रुपक | सुबोधको बुद्धि | सम्वाद |
| २१ | चिठि/ निवेदन | बिरामी विदाको निवेदन | विद्यालय | | | | |
| २२ | चिठी/ निवेदन | साथीलाई चिठी | घरायसी | | | | |

यस प्रकार दुबै पाठ्यपुस्तकलाई तालिका अनुसार तुलना गर्दा मेरो नेपाली किताबमा २२ वटा पाठहरु छन् भन् 'वैखरी' मा ११ वटा पाठहरु छन् । विद्यागत क्रमको हिसाबले मेरो

नेपाली किताबमा पाठको प्रस्तुति क्रमशः कथाहरुलाई ६ वटा शीर्षकमा दिइएका छन्, भने कविताहरुलाई ५ वटा शीर्षकमा दिइएका छन् । त्यसैगरी प्रबन्धहरुलाई ६ वटा शीर्षकमा दिइएका छन्, साथै रुपकः ३ वटा र चिठ्ठीः २ गरी जम्मा २२ वटा शीर्षकका पाठहरु छन् । यसर्थः नेपाली भाषा वैखरीलाई हेर्दा कथाहरुलाई ४ वटा शीर्षकमा, कवितालाई ३ वटा शीर्षकमा, त्यसैगरी प्रबन्धलाई ३ वटा शीर्षकमा लगाएत सम्वाद १ वटा शीर्षकमा र अत्तिरिक्त क्रियाकलाप अर्न्तगत थप १ वटा शीर्षकमा गरी जम्मा ११ वटा पाठहरु समावेश गरिएका छन् । पाठको सङ्ख्याको हिसाबले मेरो नेपाली किताबमा पाठहरु बढी छन् । क्षेत्रगत हिसाबले हेर्दा मेरो नेपाली किताब कथा विधातिर नैतिक, लोक सामाजिक, ऐतिहासिक पाईन्छ भने वैखरी तिर क्रमशः लोककथा र बालकथा रहेको देखिन्छ । मेरो नेपाली किताबको कविता तिर क्रमशः नैतिक, सामाजिक, प्राकृतिक रहेको छ भने वैखरीको कविता तिर क्रमशः प्राकृतिक, राष्ट्रभाव, नैतिक रहेको पाईन्छ । त्यसैगरी मेरो नेपाली किताबको प्रबन्ध तिर क्रमशः वर्णनात्मक, विवरणात्मक र विचारात्मक लगायतका क्षेत्रलाई समेटिएको छ भने वैखरीमा क्रमशः विवरणात्मक क्षेत्रलाई समेटेको छ । अतः दुबै पाठ्य पुस्तकले विभिन्न क्षेत्रलाई समेटेको भएपनि मेरो नेपाली किताबमा ६ वटा पाठहरु समावेश छन् भने नेपाली भाषा वैखरीमा ११ पाठहरु राखिएका छन् । मेरो नेपाली किताबमा नाटक र जीवनी राखिएका छन् त्यसैगरी वैखरीमा भने थप १ः सम्वाद र १ः अत्तिरिक्त क्रियाकलाप पनि राखिएका छन् । मेरो नेपाली, किताबले एउटा जीवनी अन्तर्राष्ट्रिय र चिठ्ठि विधालाई पनि समेटेको छ भने वैखरीमा जीवनी र चिठ्ठी विधालाई समेटेको छैन ।

अतः विषयवस्तुहरुलाई अलग-अलग पाठ्यवस्तु अनुसार सम्पादन गरिए पनि पर्याप्त मात्रमा समानताहरु भेटाउन सकिन्छ । भाषिक सीपहरु समान हुँदा सो को विकासका निम्ति समान किसिमको विषयवस्तु चयन गर्नुपर्ने हुन्छ । त्यस्तै बाल रुचि स्तर र क्षमता अनुसार विषयवस्तुको छनौट गरिने भएकोले पनि पाठ्यपुस्तकको पाठ्यक्षेत्रहरुमा समानता पाईन्छ । विषयवस्तुको छनौटमा सामाजिक, धार्मिक, राजनैतिक, ऐतिहासिक, साँस्कृतिक र भाषिक प्रभाव रहन्छ ।

निर्दिष्ट पाठ्यक्रम अनुसार क्षेत्र र विषयवस्तुको आधारमा वैखरीले धेरै क्षेत्रका विषयवस्तुलाई समेट्ने प्रयास गरेको देखिन्न । सीपगत हिसावले हेर्दा बोलाई सीप विकासकोलागि विभिन्न चित्रहरुको मार्फत विद्यार्थीलाई विभिन्न गीत, कविता र कथा वाचन

गर्ने र त्यस चित्रहरुको बारेमा लेख्न लगाउने जस्ता कुरामा किटान गरेको पाईन्छ । तर मेरो नेपाली किताबमा गाउँखाने कथा मात्र समावेश गरेको छ ।

पाठ्यपुस्तकलाई तुलना गर्दा मेरो नेपाली किताबले निर्दिष्ट उद्देश्य प्राप्तिकालागि विस्तृत विषयक्षेत्र र विषयवस्तुलाई समेट्ने प्रयास गर्दा गर्दै पनि जीवनी विधालाई छाडेको छ भने वैखरीले सबै विषयक्षेत्र र विषयवस्तुलाई समेटेको देखिन्छ ।

### ४.१.२. विद्या, विद्यासङ्ख्या र क्षेत्र:

**तालिका नं. १८**

| मेरो नेपाली किताब कक्षा ५ | | | | वैखरी कक्षा ५ | | | |
|---|---|---|---|---|---|---|---|
| **क्र.सं.** | **विधा** | **सङ्ख्या** | **क्षेत्र** | **क्र.सं.** | **विद्या** | **सङ्ख्या** | **क्षेत्र** |
| १ | कविता | ५ | नैतिक<br>सामाजिक<br>प्राकृतिक<br>प्रकृति | १ | कविता | ३ | राष्ट्रभाव<br>नैतिक<br>प्रकृति |
| २ | कथा | ६ | नैतिक<br>लोक कथा<br>सामाजिक<br>पौराणीक | २ | कथा | ४ | लोककथा<br>बालकथा |
| ३ | प्रबन्ध | ६ | वर्णनात्मक<br>विवरणात्मक<br>विचारात्मक | ३ | प्रबन्ध | ३ | विवरणात्मक<br>वर्णनात्मक |
| ४ | जीवनी | -<br>- | -<br>- | -<br>- | -<br>- | -<br>- | -<br>- |
| ५ | रुपक | ३ | सम्वाद | ५ | रुपक | १ | सम्वाद |
| ६ | चिठ्ठी/निवेदन | | घरायसी<br>विद्यालीय | ६ | अत्तिरिक्त<br>क्रियाकलाप | १ | प्रश्नोत्तर |
| | जम्मा | २२ | | | जम्मा | १२ | |

विधा, विधासङ्ख्या र क्षेत्रको आधारमा तुलना गर्दा मेरो नेपाली किताबमा कविता ५ वटा छन् जसमा नैतिक, सामाजिक र प्राकृतिक जस्ता क्षेत्रहरुलाई समेटिएका छन् । वैखरीमा जम्मा ३ वटा छन्, जसमा नैतिक, राष्ट्रभाव र प्रकृतिका क्षेत्रहरुलाई समेटिएका छन् । मेरो

नेपाली किताबमा कथा ६ वटा समावेश छन्, जसमा नैतिक, लोक, सामाजिक र पौराणीक विषय क्षेत्र समेटिएका छन् । वैखरीमा ४ वटा कथाहरु समावेश छन् तर क्षेत्रगत हिसाबमा यसमा लोककथा र बालकथालाई समेटिएका छन् । प्रबन्ध विधा मेरो नेपाली किताबमा ६ वटा छन् भने वैखरीमा ३ वटा समावेश छन् तर क्षेत्रगत हिसाबमा मेरो नेपाली किताबले वर्णनात्मक, विवरणात्मक र विचारात्मक क्षेत्र ओगटेका छन् भने वैखरीले प्रबन्धमा विवरणात्मक र वर्णनात्मक क्षेत्रलाई ओगटेका छन् । त्यसैगरि मेरो नेपाली किताबमा ३ वटा सम्वाद रुपक क्षेत्रबाट समावेश छन् भने वैखरीमा सम्वाद/रुपक एउटा (१) समावेश छन् । मेरो नेपाली किताबमा जीवनी क्षेत्र समेटिएको छैन त्यसैगरी वैखरीमा पनि कुनै जीवनी समावेश छन् । त्यसैगरी मेरो नेपाली किताबमा चिठ्ठी/निवेदन २ वटा समावेश छन् जसमा घरायसी/विद्यालय क्षेत्रलाई समेटेको छन् भने वैखरीमा अत्तिरिक्त क्रियाकलाप अन्तर्गत १ प्रश्नोत्तर गरी बालबालिकाहरुको बौद्धिक स्तर बढाउने उद्देश्यलाई समेटेको देखिन्छ ।

समग्ररुपमा हेर्दा पाठहरुको सङ्ख्या मेरो नेपाली किताबमा बढी देखिन्छ । वैखरीमा थोरै तर मेरो नेपाली किताबमा सङ्ख्या को हिसाबले सबै क्षेत्रलाई समेटेको भएतापनि वैखरीमा बालबालिकाहरुको बौद्धिक स्तरलाई बढी टेवा पुग्ने गरी विभिन्न बालगिति कविता, बालकथा, लोककथाहरु र अत्तिरिक्त क्रियाकलापकोलागि विभिन्न चित्रहरुलाई समावेश गरिएको पाईन्छ । अतः दुबै पाठ्यपुस्तकले धेरै भन्दा धेरै विषयवस्तु समेट्ने प्रयास गरेको देखिन्छ ।

### ४.१.३. पाठ र वाक्यको लम्बाई तथा भाषाशैली

**तालिका नं. ३**

| क्र.सं. | मेरो नेपाली किताब कक्षा ५ | | | वैखरी कक्षा ५ | | |
|---|---|---|---|---|---|---|
| | विधा | पाठ शीर्षक | वाक्य | विधा | पाठ शीर्षक | वाक्य |
| १ | कविता | नैतिक दृष्टान्त | १२ | कविता | स्वदेशको माया | १६ |
| २ | " | किसानको रहर | १८ | " | राम्रो नराम्रो | २० |
| ३ | " | नदी | १६ | " | त्यस्तो हुदा कस्तो | १४ |
| ४ | " | देशको माटो | १४ | - | - | - |
| ५ | कविता | राष्ट्रिय गौरव | १२ | - | - | - |
| ६ | कथा | कर्मको फल | ७२ | कथा | स्याल र बकुल्लो | - |
| ७ | " | आँखाको ज्योति | १०७ | " | बदला | ३० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ” | अनौठो प्रश्न | ६२ | ” | टार्जन | ७० |
| ९ | ” | प्रेरणा | ३६ | ” | अनौठो भूमिमा एलिस | ८१ |
| १० | ” | सबैभन्दा ठूला भक्त | ८६ | - | - | - |
| ११ | ” | पश्चाताप | ४० | - | - | - |
| १२ | प्रबन्ध | कामको महिमा | ५६ | प्रबन्ध | पृथ्वी | ३७ |
| १३ | ” | समय | ६१ | ” | डाइनोसरको अभिवादन | ४४ |
| १४ | ” | हाम्रो यात्रा | ८१ | ” | एउटा अविस्मरणीय भ्रमण | ३६ |
| १५ | ” | सिक्नुपर्ने कुरा | ६३ | - | - | - |
| १६ | प्रबन्ध | किताब कसरी बन्छ | ४१ | - | - | - |
| १७ | ” | नर्सको जीवन | ५४ | - | - | - |
| १८ | रुपक | बाल दिवस | ५३ | रुपक | सुबोधको बुद्धि | ७९ |
| १९ | ” | रीसको औषधि | ७६ | - | - | - |
| २० | ” | परीक्षाको तयारी | ६६ | - | - | - |
| २१ | चिठ्ठी/ निवेदन | बिरामी विदाको निवेदन | ३० | - | - | - |
| २२ | ” | साथीलाई चिठ्ठी | ७ | अत्तिरिक्त क्रिया कलाप | - | - |
| | | जम्मा | | | | |

पाठ्यपुस्तकको विशेषता भनेकै सरल एवम् सुबोध तरिकाले भाषिक सीपमा टेवा पुऱ्याउनु हो र त्यसका निम्ति त्यसभित्र प्रयुक्त भाषाको स्तरले नै महत्वपूर्ण भूमिका खेलेको हुन्छ । (शर्मा र पौडेल: २०६०. ३६१) तसर्थ प्रारम्भिक तहकालागि भाषिक संरचना र शैली विद्यार्थीको स्तर अनुकूल सरल, सहज र सान्दर्भिक हुनुपर्दछ । अन्यथा भाषिक दुर्बोध्यताका कारण सिकाईमा बाधा पुग्न जानछ । विद्यागत लम्बाईको दृष्टिले पाठको संरचनालाई हेर्दा मेरो नेपाली किताबमा राखिएका कविताका पङ्तिहरु क्रमश १२, १८, १६, १४, १२ रहेका छन् । वैखरीमा राखिएको कविताहरुमा क्रमश १६, २०, १४ पङ्तिमा सुन्दर शब्द चयनले झन सुनमा

सुगन्ध भरिएको छन् । त्यस्तै कथा तर्फ मेरो नेपाली किताबमा क्रमशः ७२, १०२, ६२, ३६, ८६, ४० वाक्यका कथाहरु छन् । वैखरीमा क्रमशः ३०, ७०, ८१ वाक्यका कथाहरु राखिएका छन् । मेरो नेपाली किताबमा प्रबन्ध तर्फ क्रमशः ५६, ६१, ८१, ६३, ४१, ५४ वाक्यका प्रबन्धहरु छन् । वैखरीमा प्रबन्ध निबन्धतर्फ क्रमशः ३७, ४४, ३६ वाक्यमा राखिएका छन् । मेरो नेपाली किताबमा जीवनी विधा राखिएको छैन । मेरो नेपाली किताबमा चिट्ठी तर्फ क्रमशः ३०, ७ वाक्यका चिट्ठीहरु छन् भने वैखरीमा ७९ वाक्यको रुपकमा सम्वाद राखिएको छ ।

विधागत शैलीका दृष्टिले दुबै पाठ्यपुस्तकमा समावेश गरिएका सबै कविताहरु छन्दोबद्ध छन् । बाल रुचि, स्तर, क्षमता, मनोविज्ञान, मनोरञ्जन, अभिनय खेल आदिको नजरले कविताहरु समतुल्य देखिन्छन् । कथातर्फ मेरो नेपाली किताबमा राखिएको विषयवस्तु सरल, सहज र सबोध्य देखिन्छ भने नेपाली भाषा वैखरीमा राखिएका विषयवस्तु केही देखिन्छन् । पाठको वाक्यगत लम्बाई हेर्दा अझै सरल सहज नेपाली किताबमा ३६, ६२, ८६, १०७ को वाक्यको लामो वाक्य संरचना उपयुक्त छैन । यसको तुलनामा वैखरीमा वाक्य संरचना लामो र धेरै भएपनि सबैमा एकरुपता पाईन्छ । यस सन्दर्भमा दुबै पाठ्यपुस्तकहरु पाठ्यक्रम भन्दा टाढा पुगेको देखिन्छ ।

प्रबन्ध विधा अन्तर्गत मेरो नेपाली किताबमा कम्तिमा ४१ र बढीमा ८१ वाक्यको संरचनामा रहेको छन् भने वैखरीमा कम्तिमा ५० र बढीमा ११५ वाक्यमा संरचित रहेका छन् । लम्बाईका हिसाबले यो त झन् असान्दर्भिक देखिन्छ । मेरो नेपाली किताबमा रहेको सम्वाद (रुपक) र वैखरी राखिएका जीवनीहरु वाक्यगत र संरचनाका हिसाबले उपयुक्त मान्न सकिदैन । चिट्ठी तर्फ मेरो नेपाली किताबमा ३०, ७ वाक्यका दुईवटा चिट्ठी राखिएका छन् भने वैखरीमा ३२, १४ वाक्यका २ वटा चिट्ठी राखिएका छन् ।

भाषा सिकाईको सिद्धान्त अनुसार दुबै पाठ्यपुस्तकमा व्याकरणलाई पाठ र अभ्यास भित्र समावेश गरिएको पाईन्छ । दुबै पाठ्यपुस्तक मध्ये वैखरीमा व्याकरण सम्बन्धि बढि अभ्यास दिइएको पाईन्छ । व्याकरणीक हिसाबमा यसलाई राम्रो मान्नु पर्दछ । मेरो नेपाली किताबमा भाषा, शैली र विषयवस्तु उपयुक्त छ तर आकर्षण कम छ भने वैखरीमा शैली र विषयवस्तु तुलनात्मक रुपमा केही जटिल छन् तर आकर्षण बढि छ ।

### ४.१.४ अभ्यास

भाषिक सीप सिकाईको क्रममा अभ्यासको आवश्यकता पर्दछ । सिकाईको पूर्णता अभ्यासले नै दिने गर्दछ । अभ्यास बिना भाषिक सीप विकास सम्भव हुँदैन । जति धेरै भाषिक अभ्यास उत्ति धेरै कुशलता प्राप्त हुन्छ । तसर्थ दुबै पाठ्यपुस्तकमा राखिएका अभ्यासलाई यसरी तालिकामा देखाउन सकिन्छ ।

**वर्गीकृत अभ्यासको स्वरुप**

**तालिका नं. ४**

| क्र. सं. | अभ्यासको स्वरुप | मेरो नेपाली किताब कक्षा | अभ्यासको स्वरुप | नेपाली भाषा वैखरी |
|---|---|---|---|---|
| १ | वाचन गरेर सुनाऊ | ३ | सुन र ठिक बेठिक छुट्याऊ /जोडा मिलाऊ | २४ |
| २ | प्रष्टसँग उच्चारण गर | ६ | विभिन्न विषयमा वाचन गरेर सुनाऊ र वाक्य भन/बनाऊ | ३१ |
| ३ | सच्याएर कापीमा सार | १६ | ठिक उत्तरमा रेजा लगाऊ | ४ |
| ४ | शब्द र अर्थको जोडा मिलाऊ | २२ | उत्तर देऊ / भन | ४ |
| ५ | उत्तर भन | १७ | छुटेको शव्द भर | ४ |
| ६ | कविताका पङ्क्ति पूरा गर | २ | कसले कसलाई भनेको हो ? | २ |
| ७ | वाक्यमा प्रयोग गर | २२ | शव्द र अर्थको जोडा मिलाऊ | ७ |
| ८ | पढ, बुझ र सार | ४ | शब्दहरु शुद्धसँग उच्चारण गर | १८ |
| ९ | उल्टो अर्थ दिने शब्द लेख | ४ | एउटा अनुच्छेद लेख | २ |
| १० | उत्तर लेख / उत्तर देऊ | २२ | उस्तै अर्थ दिने शब्द लेख | १२ |

| | | | | |
|---|---|---|---|---|
| ११ | तालिका बाट वाक्य बनाऊँ | ११ | एकवचनका शब्दलाई बहुवचनमा बदल | ६ |
| १२ | पाठ बाट सिकेका कुरा बढाएर लेख | ३ | दिइएको चित्र हेरि वाक्य भन | ३ |
| १३ | सुन र भन | १२ | आधार अक्षर, रेफ, चन्द्रविन्दु लागेका संयुक्त अक्षर भएका शव्द | १ |
| १४ | कथा पढेर सुनाऊ | ६ | राष्ट्रगान सफा र राम्रा अक्षरमा लेख | १ |
| १५ | अनुच्छेद पढी उत्तर देऊ | २ | उही अर्थ दिने शव्द राखी पुनर्लेखन गर | ४ |
| १६ | पढ र लेख | ६ | साथीको नाम लेखि जन्ममिती र जन्म स्थानको नाम पनि लेख | १० |
| १७ | तलका भनाइ कसका हुन् लेख | १ | नेपालको नक्सा बनाऊ मेरो देश नेपाल शीर्षकमा अनुच्छेद लेख | १ |
| १८ | वाक्यमा शव्दको क्रम मिलाएर लेख | ४ | केही चर्चित सरह, नदी चाँडपर्व र हिमालहरुको नाम लेख । | ३२ |
| १९ | उदाहरण हेरी वाक्यमा प्रयोग गर | ५ | पृथ्वीका उत्पत्तिका बारेमा कक्षामा सुनाऊ | १ |
| २० | जानेका कथा कक्षामा सुनाऊ | २ | चित्र हेरी पृथ्वीभन्दा साना ग्रहको नाम भन | १ |
| २१ | चित्र हेरी सानो कथा बनाऊ | २ | पाठको अनुच्छेद पालैपालो पढ | १ |
| २२ | गाउँखाने कथाको उत्तर भन | १ | पाठ पढी पृथ्वीमा भएका महादेश र महासागरको नाम लेख | १४ |

| | | | | |
|---|---|---|---|---|
| २३ | पढेर सुनाऊ | ४ | पाठको अनुच्छेद सुनेर कापीमा लेख | १ |
| २४ | राम्रा अक्षर पारेर सार | १ | वाक्य पढ र शव्दको अर्थ लेख | ५ |
| २५ | तलका भनाईको अर्थ लेख | १ | विपरितार्थी शव्द खोजी लेख | १२ |
| २६ | तालिका पूरा गर | १ | दिइएको पाठबाट तलका वाक्यहरु पूरा गर | ४ |
| २७ | शिक्षकलाई देखाऊ | १२ | वाक्य शुद्ध पारी सार | ४ |
| २८ | के सल्लाह दिन्छौ लेख | १ | कक्षामा छलफल गरी देशका राजधानीको नाम लेख | १० |
| २९ | कक्षामा सुनाऊ | ८ | चित्र हेरी छोटो कथा भन | १ |
| ३० | उपयोगी कुरा टिप | १ | कुनै एउटा चुट्किला कक्षाका साथीहरुलाई सुनाऊ | १ |
| ३१ | क्रियाको रुप बदल | १ | पोष्टरहरु पढ र ती के सम्बन्धी होलान ? बताऊ | ४ |
| ३२ | उस्तै सुनिने शव्द लेख | १ | सर्वनाम र क्रियाको आदर मिलाई जोडा मिलाऊ र खाली ठाउँमा सार | ६ |
| ३३ | शब्दको अर्थ लेख | २ | मिल्ने क्रियापद छानी वाक्य पूरा गर | ६ |
| ३४ | कसले कसलाई भनेको हो | ४ | मनपर्ने कुनै कुनै एउटा चुट्कीला लेख | १ |
| ३५ | तालिका बनाई देखाऊ | १ | मनपर्ने चलचित्रको बारेमा वर्णन गर | १ |
| ३६ | पढ र बुझेका कुरा लेख | ४ | दिइएको पाठलाई ठूलो आवाजमा पढ | १ |

| | | | | |
|---|---|---|---|---|
| ३७ | उखान टुक्काको वाक्यमा प्रयोग गर | १ | चित्र बनाई चराको बारेमा साठी शब्दमा वर्णन गर | १ |
| ३८ | निपात र वाक्यमा प्रयोग गर | २ | नाम र निपातसँग मिल्ने समूहवाचक शव्दको जोडा मिलाऊ | २० |
| ३९ | घुमाउरो (खास) अर्थ लेख | १ | समूहवाचक शब्द राखी एक एक वटा वाक्य बनाऊ | ५ |
| ४० | छलफल गर | २ | श्रुतिसम भिन्नार्थी शव्दहरुलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर | ३ |
| ४१ | उस्तै अर्थ आउने शब्दको जोडा मिलाऊ | १ | खाली ठाउँमा शब्द भर | ५ |
| ४२ | खाली ठाउँमा मिल्ने शब्द भर | १० | मिलाएर पुनर्लेखन गर | ४ |
| ४३ | अनुच्छेद लेख | ९ | खालीठाउँमा ४२ वटा प्राणीहरुको नाम लेख | १ |
| ४४ | नामयोगी खाली ठाउँमा भर | १० | छलफल गर | ६ |
| ४५ | वाक्य पूरा गर | | प्राणीको बच्चा र थात बासलाई सोधेर लेख | ३० |
| ४६ | जोडी शब्द पढी फरक छुट्याऊ | १ | मान्छेले गर्ने राम्रो र नराम्रो बानी बताऊ | १ |
| ४७ | अकरण बनाऊ | २ | मनपर्ने कविता वा गीत सुनाऊ | १ |
| ४८ | मिल्दो चिन्ह थप | १ | आफ्नो गाउँको राम्रो नराम्रो कुरा लेख | १ |
| ४९ | बुँदाका आधारमा | १ | राम्रो नराम्रो कुरा छुट्याई लेख | ४ |

| | | | | |
|---|---|---|---|---|
| | कथा लेख | | | |
| ५० | भनाई पढ र अर्थ लेख | १ | छलफल गर | ३ |
| ५१ | अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर | १ | दीर्घ अकार ( ू ) शब्दहरुलाई ह्रस्व उकार ( ु ) | १५ |
| ५२ | खाम बनाऊ | १ | साथीलाई चिट्ठी लेख | १ |
| ५३ | चिट्ठी लेख | २ | वाक्य बनाऊ | १ |
| ५४ | विभक्तिको वाक्य बनाऊ | १ | अनुकरणात्मक शब्द राखि पाठ पूरा गर । | १ |
| ५५ | चुट्किला लेख | १ | अनुकरणात्मक शब्दको वाक्य बनाऊ | ६ |
| ५६ | कविता लेख | १ | भूत कालका र वर्तमान कालका वाक्य बनाऊ | १ |
| ५७ | बोलीचालीको भाषामा लेख | १ | भित्तेपात्रो बनाऊ | १ |
| ५८ | चित्र बनाई कोठामा टाँस | १ | खाली ठाउँ भर | १ |
| ५९ | चन्द्रबिन्दु लगाऊ | १ | साथीको बारेमा वर्णन गर | १ |
| ६० | लुगाको रङ लेख | १ | सुन र ठिक बेठिक छुट्याँऊ | ५ |
| ६१ | सम्वाद पूरा गर | १ | साथिको स्वभाव विशेषता भन | १ |
| ६२ | चित्रको वर्णन गर | १ | वाक्य बताऊ | १ |
| ६३ | अङ्ग र तिनको काम लेख | १ | कथाको अनुच्छेद सुनेर लेख | १ |
| ६४ | निवेदन लेख | १ | आधा अक्षर लागेका शब्द लेख | १ |
| ६५ | निमन्त्रणा पढ | १ | वाक्यमा लेख | ५ |
| ६६ | शब्द हिज्जे मिलाऊ | १ | छोटो कथा लेख | १ |

| | | | | |
|---|---|---|---|---|
| ६७ | निमन्त्रणा पत्र तयार पार | १ | चित्रको आधारमा छोटो कथा बनाऊ | १ |
| ६८ | कोठेपदबाट अनुरणात्मक शब्द लेख | १ | अनेकार्थ शब्द र तिनका अर्थको जोडा मिलाऊ | १ |
| ६९ | शुभकामना पत्र तयार गर | १ | चित्र हेरेर घरमा गर्ने काम बताऊ | १ |
| ७० | सुन र लेख | १ | परिवारमा भएका सदस्यहरुको उमेर बताऊ | १ |
| ७१ | कथा छोटकरीमा लेख | १ | अर्थ खुल्ने गरेर वाक्यमा प्रयोग गर | १ |
| ७२ | लिङ्ग | १ | निपात लागेका एक-एक ओटा वाक्य लेख | १ |
| ७३ | सम्बाद लेख | १ | शब्दहरु जोडी नयाँ शब्द बनाऊ | १ |
| ७४ | वर्णन गर | १ | शब्दहरुको बनोट देखाऊ | १ |
| ७५ | व्याख्या गर | १ | परिवारका सबै सदस्यहरु के-के गर्नुहुन्छ ? लेख | १ |
| ७६ | आदर सूचक वाक्यमा परिवर्तन गर | १ | सुनेर लेख | १ |
| ७७ | समाचारपत्र पढ | १ | गाउँखाने कथा सुनाऊ | १ |
| ७८ | लघुतावाची शब्द लेख | १ | चित्रहरुको अर्थ बताऊ | १ |
| ७९ | गाऊ र सुनाऊ | ३ | पाठ पढ र प्रश्नहरुको उत्तर देऊ | ५ |
| ८० | शब्दकोश हेरी अर्थ लेख | १ | आधा अक्षर लागेका शब्द लेख | ३ |

| | | | | |
|---|---|---|---|---|
| ८१ | साराँश लेख | ३ | चन्द्रविन्दु लागेका शब्द लेख | ३ |
| ८२ | वर्तमान कालका ५ वाक्य बनाऊ | १ | रेक लागेका शब्द लेख | ३ |
| ८३ | | | विभिन्न वर्ण लागेका शब्द लेख | ५ |
| ८४ | | | वाक्य बनाऊ | ५ |
| ८५ | | | नामयोगी लागेका वाक्यहरु सार | ५ |
| ८६ | | | सबै प्रश्नहरुको उत्तर लेख | १ |
| ८७ | | | नाता सम्बन्ध जनाउने शब्द लेख | २० |
| ८८ | | | नाता सम्बन्ध जनाउने शब्दको अर्थ लेख | |
| ८९ | | | अशुद्ध वाक्यलाई छुट्याऊ | ५ |
| ९० | | | वाक्यमा मिल्ने क्रियापद भर | ५ |
| ९१ | | | कोठेपद भर | १३ |
| ९२ | | | संसारमा अनौठो लाग्ने कुरामा आफ्नै शब्दमा लेख | १ |
| ९३ | | | उस्तै सुनिने चारओटा शब्द लेख | १ |
| ९४ | | | उत्तर लेख | ५ |
| ९५ | | | सपनाको बारेमा वर्णन गर | १ |
| ९६ | | | साथीलाई चिट्ठि लेख | १ |
| ९७ | | | शब्दहरुको विपरीतार्थी शब्द लेख | १० |
| ९८ | | | उदाहरण हेरी वाक्य वदल | ४ |
| ९९ | | | चर्चित व्यक्तिको बारेमा लेख | १ |
| १०० | | | छलफल गर | १ |

| | | | | |
|---|---|---|---|---|
| १०१ | | | काल्पनिक भाषाका शब्द बनाऊ | १ |
| १०२ | | | समानार्थी शब्दको वाक्य बनाऊ | १ |
| १०३ | | | भविष्यको बारेमा पचास शब्दमा लेख | १ |
| १०४ | | | पाठ मौन पठन गर | १ |
| १०५ | | | छलफल गरी बताऊ | १ |
| १०६ | | | सुनेर लेख | १ |
| १०७ | | | चित्र हेरी शब्द लेख | १ |
| १०८ | | | स्त्रीलिङ्गमा बदल | १ |
| १०९ | | | बहुवचन बदली पुनर्लेखन गर | १ |
| ११० | | | निवेदन लेख | १ |
| १११ | | | छोटो कथा लेख | १ |
| ११२ | | | क्रिया राखि वाक्य बनाऊ | |
| ११३ | | | समूहमा छलफल गर | १ |
| | जम्मा | ३०१ | | ४९० |

प्रस्तुत तालिकालाई हेर्दा हेर्दै मेरो नेपाली किताबमा ८२ प्रकारका ३०१ वटा अभ्यासहरु राखिएको पाइन्छ । वैखरीमा ४९० वटा अभ्यासहरु राखिएका छन् । मेरो नेपाली किताबमा भन्दा वैखरीमा चित्रको प्रयोग अत्यधिक देखिन्छ । दुबै पाठ्यपुस्तकमा गाउँखाने कथा, चुट्किला सम्बन्धी अभ्यास राखिएका छन् । वैखरीमा कोठेपद शब्दजाल जस्ता सामग्री राखिएका छन् भने मेरो नेपाली किताबमा छैन । मेरो नेपाली किताबमा भन्दा वैखरीमा धेरै अभ्यासहरु राखिएका छन् । समग्रमा दुबै पाठ्यपुस्तकले लेखाई सीपमा बढी अभ्यास राखेका देखिन्छन्, जुन असन्तुलित देखिन्छ ।

भाषिक सीप सिकाईको क्रममा अभ्यासको अवाश्यकता पर्दछ । सिकाईको पूर्णता अभ्यासले नै पूर्णता दिने गर्दछ । यसकारण जति धेरै भाषिक अभ्यास उति धेरै सहजता, कुशलता र पूर्णता प्राप्त हुन्छ । यसर्थ, दुबै पाठ्यपुस्तकमा राखिएका अभ्यासलाई यसरी वर्णन गर्न सकिन्छ । मेरो नेपाली यसरी वर्णन गर्न सकिन्छ । मेरो नेपाली किताबका अभ्यास स्वरुपहरुमा क्रमशः वाचन गरेर सुनाऊ, प्रष्टसँग उच्चारण गर, सच्याएर कापीमा सार, शब्द र अर्थको जोडा मिलाऊ, उत्तर भन, कविताका पङ्क्ति पूरा गर, वाक्यमा प्रयोग गर, पढ, बुझ र सार, उल्टो अर्थ दिने शब्द लेस उत्तर लेख । उत्तर देऊ तालिकाबाट वाक्य बनाऊ, पाठबाट सिकेका कुरा बढाएर लेख, सुन र भन, कथा पढेर सुनाऊ, अनुच्छेद पढी उत्तर देऊ, पढ र लेख, तलका भनाई कसका हुन् लेख वाक्यमा शब्दको क्रम मिलाएर लेख, उदाहरण हेरी वाक्यमा प्रयोग गर, जानेको कथा कक्षामा सुनाऊ, चित्र हेरी सानो कथा बनाऊ, गाउँखाने कथाको उत्तर भन, पढेर सुनाऊ, राम्रा अक्षर पारेर सार तलका भनाईको अर्थ लेख, तालिका पूरा गर शिक्षकलाई देखाऊ के सल्लाह दिन्छौ लेख, कक्षामा सुनाऊ, उपयोगी कुरा टिप, क्रियाको रुप बदल उस्तै सुनिने शब्द लेख, शब्दको अर्थ लेख, कसले कसलाई भनेको हो ? तालिका बनाई देखाऊ, पढ र बुझेका कुरा लेख, उखान टुक्काको वाक्यमा प्रयोग गर, निपात वाक्यमा प्रयोग गर, घुमाउरो (खास) अर्थ लेख, नामयोगी खाली ठाउँमा भर, वाक्यमा पुरा गर जोडी शब्द पढी फरक छुट्याऊ, अकरण बनाऊ, मिल्दो चिन्ह थप, बुँदाको आधारमा कथा लेख, भनाई पढ र अर्थमा लेख, अनुकरणात्मक शब्दलाई वाक्यमा प्रयोग गर, खाम बनाऊ, चिठी लेख, विभक्तिको वाक्य बनाऊ, चुट्किला लेख, कविता लेख, बोलीचालिको भाषामा लेख, चित्र बनाई कोठामा टाँस, चन्द्रविन्दु लगाऊ, लुगाको रङ लेख, सम्वाद पुरा गर, चित्रको वर्णन गर, अङ्ग र तिनको काम लेख, निवेदन लेख, निमन्त्रणा पढ, शब्द हिज्जे मिलाऊ, निमन्त्रणा पत्र तयार पार, कोठेपदबाट अनुकरणात्मक शब्द लेख, शुभकामना पत्र तयार गर, सुन र लेख, कथा छोटकरीमा लेख, लिङ्गको आधारमा वाक्य बदल, सम्बाद लेख, वर्णन गर, व्याख्या गर, आदर सूचक वाक्यमा परिवर्तन गर, समाचारपत्र पढ, लघुतावाची शब्द लेख, गाऊ र सुनाऊ, साराँश लेख, वर्तमान कालका ५ वाक्य बनाऊ, जस्ता भाषिक अभ्यासहरु पाईन्छ भने वैखरीमा क्रमशः सुन र ठिक बेठिक छुट्याऊ, जोडा मिलाऊ, विभिन्न विषयमा वाचन गरेर सुनाऊ, वाक्य भन, ठिक उत्तरमा रेजा लगाऊ, उत्तर देऊ/भन, छुटेका शब्द भर, कसले कसलाई भनेको हो ? शब्द र अर्थको जोडा मिलाऊ, शब्दहरु शुद्धसँग उच्चारण गर, एउटा अनुच्छेद

लेख, उस्तै अर्थ दिने शब्द लेख, एकवचनका शब्दलाई बहुवचनमा बदल, चित्र हेरी वाक्य भन्न, संयुक्त अक्षर भएका शब्द बनाऊ, राष्ट्रगान सफा र राम्रो अक्षरमा लेख, उही अर्थ दिने शब्द राखी पुनर्लेखन गर, साथीको नाम पनि लेख, नेपालको नक्सा बनाऊ, मेरो देश नेपाल शीर्षकमा अनुच्छेद लेख, केही चर्चित सरह नदी चाडपर्व र हिमालहरुको नाम लेख, पृथ्वीको उत्पत्तिको बारेमा कक्षामा सुनाऊ, चित्र हेरी पृथ्वीभन्दा साना ग्रहको नाम भन । पाठको अनुच्छेद पालैपालो पढ, पाठ पढी पृथ्वीमा भएका महादेश र महासागरको नाम लेख, पाठको अनुच्छेद शिक्षाबाट सुनेर कापीमा लेख वाक्य पढ र शब्दको अर्थ लेख, विपरीतार्थी, शब्द खोजी लेख, दिइएको पाठबाट तलका वाक्यहरु पूरा गर वाक्य शुद्ध पारी सार, कक्षामा छलफल गरी देशका राजधानी नाम लेख चित्र हेरी छोटो कथा भन, कुनै एउटा चुट्किला कक्षाका साथीहरुलाई सुनाऊ, पोस्टरहरु पढ र ती के सम्बन्धि होलान बताऊ, सर्वनाम र क्रियाको अक्षर मिलाई जोडा मिलाऊ, खाली ठाउँ भर मिल्ने क्रियापद छानी वाक्य पूरा गर मनपर्ने चलचित्रको बारेमा वर्णन गर, दिइएको पाठलाई ठूलो आवाजमा पढ, चित्र बनाई चराको बारेमा साठी शब्दमा वर्णन गर, नाम र तीसँग मिल्ने समूहवाचक शब्दको जोडा मिलाऊ, समूहवाचक शब्द राखी एक-एक वाक्य बनाऊ श्रुतिसम्भिनार्थक शब्दहरुलाई अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर, खाली ठाउँमा शब्द भर, मिलाएर पुर्नलेखन गर, खाली ठाउँमा शब्द भर, मिलाएर पुनर्लेखन गर, खाली ठाउँमा ४२ वटा जनावरहरुको नाम लेख, छलफल गर, प्राणीको बच्चा र थात बासलाई सोधेर लेख, मान्छेले गर्ने राम्रो/नराम्रो बानी बताऊ, मनपर्ने गीत वा कविता सुनाऊ आफ्ना गाउँको राम्रो/नराम्रो कुरा लेख, राम्रो र नराम्रो कुरा छुट्याई लेख, छलफल गर, दीर्घ ऊकार ( ू ) शब्दहरुलाई उकार ( ु ) पुनर्लेखन गर, साथीलाई चिठी लेख, वाक्य बनाऊ, अनुकारणात्मक शब्द राखी पाठ पूरा गर, अनुकारणात्मक शब्द को वाक्य बनाऊ, भूतकालका र वर्तमान कालका वाक्य बनाऊ, भित्तेपात्रो बनाऊ, खाली ठाउँ भर साथीको बारेमा वर्णन गर सुन र ठिकबेठीक छुट्याऊ, साथीको स्वभाव विशेषता भन, वाक्य बताऊ, कथाको अनुच्छेद सुनेर लेख, आधा अक्षर लागेका शब्द लेख, वाक्यमा लेख, छोटो कथा लेख, चित्रको आधारमा छोटो कथा बनाऊ, अनेकार्थक शब्द र तीनका अर्थको जोडा मिलाऊ, चित्र हेरेर घरमा गर्ने काम बताऊ, परिवारमा भएका सदस्यहरुको उमेर बताऊ, अर्थ खुल्ने गरेर वाक्यमा प्रयोग गर, निपात लागेका एक-एक एउटा वाक्य लेख, शब्दहरु जोडी नयाँ शब्द बनाऊ, शब्दहरुको बनोट देखाऊ, परिवारका सबै सदस्यहरु के-के गर्नुहुन्छ ? लेख, अशुद्ध

वाक्यलाई छुट्याऊ, वाक्यमा मिल्ने क्रियापद भर, कोठेपद भर, संसारमा अनौठो लाग्ने कुरामा आफ्नै शब्दमा लेख, उस्तै सुनिने चारओटा शब्द लेख, उत्तर लेख, सपनाको बारेमा वर्णन गर साथीलाई चिठी लेख, शब्दहरुको विपरीतार्थी शब्द लेख, उदाहरण हेरी वाक्य बदल, चर्चित व्यक्तिको बारेमा लेख, छलफल गर, काल्पनिक भाषाका शब्द बनाऊ समानार्थी शब्दको वाक्य बनाऊ, भविष्यको बारेमा पचास शब्द लेख , स्त्रीलिङ्गमा बदल, बहुवचन बदली पुनर्लेखन गर आदि जस्ता भाषिक अभ्यासहरु पाईन्छ ।

### ४.१.५ चित्रहरुः

दुबै पाठ्यपुस्तकहरुका हरेक पाठमा चित्रको प्रयोग गरिएको छ । मेरो नेपाली किताबमा प्रयुक्त चित्र मध्ये पृष्ठ ८९ र १०९ को चित्र स्पष्ट देखिदैन भने बाँकी सबै चित्रहरु आकर्षक प्रभावकारी र उद्देश्यपूर्ण देखिन्छन् । त्यस्तै वैखरीमा प्रयुक्त सबै चित्रहरु रङ्गीन, आकर्षक प्रभावकारी र उद्देश्यपूर्ण देखिन्छ । जुन तुलनात्मक रुपमा मेरो नेपाली किताब भन्दा आकर्षक देखिन्छ ।

### ४.१.६. भूमिका निर्देशन आदि

भूमिका निर्देशन भाषा पाठ्यपुस्तकको महत्वपूर्ण पक्ष मानिन्छ । यो पाठ प्रारम्भ हुनुभन्दा अगाडिको खण्ड हो । यो परिचय वा चिनारी खण्ड पनि हो । यसमा पाठ्यपुस्तक सम्पादक, लेखकको नामावली, भूमिका, कृतज्ञता, लेखकको भनाइ, निर्देशन, अन्य महत्वपूर्ण जानकारी तथा विषय सूची जस्ता कुराहरु पर्दछन् ।

मेरो नेपाली किताबको पहिलो पृष्ठमा पुस्तकको नाम, स्तर, लेखक र सम्पादकको नाम राखिएको छ । मेरो नेपाली किताबको दोस्रो पृष्ठमा प्रकाशक, संस्करण मुद्रक, परिमार्जित संस्करण र मूल्य राखिएको छ भने वैखरीमा पुस्तक, स्तर लेखन तथा सम्पादन, संस्करण, सर्वाधिक, आवरण चित्राङ्कन, ग्राफिक, प्रकाशक र मुद्रण दिइएको छ । तेस्रो पृष्ठमा हाम्रो भनाइ अन्तर्गत पुस्तकको जानकारी लेखक, सम्पादक, रचनात्मक सुझावको अपेक्षा गरिएको छ । मेरो नेपाली किताबमा चौथो पृष्ठ खाली राखिएको छ भने वैखरीमा शिक्षकलाई आवश्यक निर्देशन दिइएको छ । वैखरीको तेस्रो पृष्ठमा विषयसूची राखिएको छ ।

क) बाह्य पक्षः

यहाँ दुबै पाठ्यपुस्तकको बाह्य विशेषताका आधारमा तुलना गर्ने प्रयास गरिएको छ ।

### ४.२.१ आवरण पृष्ठ

पाठ्यपुस्तकको आवरण पृष्ठ भनेको सुरक्षा कबच मात्र नभएर आकर्षक मनमोहक, कलात्मक र बलियो हुनुपर्दछ । यस आधारमा मेरो नेपाली किताबको आवरण पृष्ठ सामान्य किसिमको कलात्मक देखिन्छ । आवरण पृष्ठको बीचमा ठूलो रातो अक्षरमा नाम र स्तर लेखिएको छ । रातो र कालो रङको प्रयोग भएको देखिन्छ । पछाडिको पृष्ठको माथि ६ वटा कोण बीचमा किताब भएको ताराको लोगो र ठीक तल नेपालको राष्ट्रिय लोगो सहित प्रकाशक, मुद्रक, वितरक र अन्तर्राष्ट्रिय पुस्तक गुणस्तर नम्बर लोगो सहित राखिएको छ । पृष्ठको माथि ठूलो कालो अक्षरमा कक्षा ५ को कक्षागत गीत र पृष्ठको बीचमा रहेको रातो भूमिका आयतकार भित्र गीतकार र सङ्गीतकारको नाम छ । वैखरीको पृष्ठ निकै बढी रङ्गीन र आकर्षक देखिन्छ । अग्र पृष्ठको सीरानमा प्रकाशनको नाम बीचमा २ जना विद्यार्थी विद्यालय पोशाकमा झोला बोकेर खुशी भएको आकर्षक र मनमोहक चित्र राखिएको छ । पछाडिको पृष्ठको बीचमा यस पुस्तकको विशेषता, प्रकाशनको पूरा नाम, ठेगाना र पुस्तकको मूल्य राखिएको छ । यसमा प्रयोग भएका कागज स्तरीय भएकोले अक्षरहरु स्पष्ट देखिन्छन् । समग्रमा मेरो नेपाली किताब भन्दा वैखरी नै राम्रो देखिन्छ ।

### ४.२.२. बनोट :

पाठ्यवस्तुको बाहिरी सिङ्गो आकारयुक्त स्वरुप नै बनौट हो । मेरो नेपाली किताबको आवरण पृष्ठ सामान्य कमजोर कागजबाट बनेको आवरण पृष्ठ सामान्य कमजोर कागजबाट बनेको देखिन्छ । सजिलै र तुरुन्तै फाट्न सक्ने कागजको प्रयोग गरिएको छ । कक्षा ५ को स्तर अनुसारको आकारमा बनाइएको पनि छैन । यो स्तरका बच्चाकोलागि केही ठूला आकारको र प्लाष्टिक कोटेड आवरण हुनुपर्दछ । नेपाली भाषा वैखरी को आवरण पृष्ठ प्लाष्टिक कोटेड कागजबाट निर्मित र केही ठूला आकारमा पाठ्यपुस्तक तयार गरिएको पाइन्छ । यस हिसाबले वैखरी नै उपयुक्त देखिन्छ ।

### ४.२.३. छपाई

पाठ्यवस्तुको छपाई सफा र स्पष्ट हुनुपर्दछ । स्तरीय तथा शुद्ध छपाईले पनि पाठ्यपुस्तकको गुणस्तरलाई निर्धारण गर्दछ । मेरो नेपाली किताबमा रातो र कालो रङ्को प्रयोग भएको पाईन्छ भने वैखरीमा पनि कालो र हल्का रातो रङको प्रयोग भएको छ । दुबै पाठ्यपुस्तकको शीर्षक उपशीर्षक आदिमा अक्षरको आकार उपयुक्त नै देखिन्छ । मेरो नेपाली किताबमा अक्षरको चहकपन केही मधुरो देख्न सकिन्छ भने वैखरीमा अक्षरको चहकपन उपयुक्त देखिन्छ । दुबै पाठ्यपुस्तकमा २ शब्द देखि १९ शब्द सम्मका वाक्य संरचना देखिन्छ । यसलाई उपयुक्त मान्न सकिदैन शब्द एवम् पङ्तिको रखाइ पनि एकरुपता नै देख्न सकिन्छ । पाठहरुको वाक्यमा प्रयुक्त शब्द मेरो नेपाली किताबमा सरल छन् भने वैखरीमा केही जटिल छैन ।

### ४.२.४ बँधाई

पाठ्यपुस्तकको बाहिरी गुण अर्न्तगत बँधाई पनि पर्दछ । राम्रो छपाई मात्र भएर पुग्दैन बँधाई पनि त्यत्तिकै राम्रो र चट्ट मिलेको हुनुपर्दछ । पाठ खप्टिने, छिट्टै पाना उप्किने, पाना नअडिने, स्ट्याप्लर बाहिरबाट नै देखिने जस्ता अवगुणहरुबाट पाठ्यपुस्तक मुक्त हुनुपर्दछ ।

मेरो नेपाली किताबको बाहिरी पृष्ठबाट नै देख्न सकिन्छ कि, यसमा कतिवटा स्ट्याप्लर गरिएको छ । जसमा दुईवटा स्ट्याप्लर लगाइएको छ, सजिलै पाना उप्किने खतरा देखिन्छ । वैखरी बँधाईको हिसाबले उपयुक्त देखिन्छ । प्लाष्टिक कोटेडको आवरण पृष्ठ र त्यसमुनिका पृष्ठहरु बाक्लो कागजलाई मोटो स्ट्याप्लरले ४ ठाउँमा कसको देखिन्छ, जसका कारण पाठ्यपुस्तक चट्ट मिलेको देखिन्छ ।

### ४.२.५ कागजको स्तर

विषयवस्तुलाई पस्किने रङ्गशाला नै कागज हो । त्यसकारण राम्रो र स्तरिय कागजबाट पाठ्यपुस्तक तयार हुनुपर्दछ । चिप्लो, मसिनो, सेतो बाक्लो कागजमा छपाई स्तरिय हुनुका साथै पठन रुचि बढ्छ भने उद्देश्य प्राप्तिमा सघाउँछ ।

मेरो नेपाली किताबमा प्रयोग भएको कागज स्तरिय देखिदैन । सेतो कागज नै प्रयोग भएपनि यो केही खस्रो रहेको छ । कागज पातलो देखिन्छ । यो पुस्तक सक्षम विद्यार्थीको हातमा पनि एक वर्ष नटिकन सक्छ । देख्दैमा मैलो कागज भएकोले विद्यार्थीमा सिकाई रुचि उत्पन्न गराउन बाधा पार्ने देखिन्छ ।

वैखरीमा प्रयोग भएको कागज स्तरिय मान्न सकिन्छ । हेर्दा पनि सेतो, बाक्लो र सफा कागज भएकोले सामान्य विद्यार्थीले पनि सजिलै टिकाउन सक्दछन् । आकर्षकको हिसाबले पनि सफा देखिने भएकोले विद्यार्थीमा सिकाई रुचि उत्पन्न गराउन सहयोग गर्ने देखिन्छ । तसर्थ कागजको स्तरको दृष्टिले वैखरी नै उपयुक्त देखिन्छ ।

### ४.२.६ अक्षर आकार

दुबै पाठ्यपुस्तकको अक्षर आकार १८ र २० को नै देखिन्छ । मेरो नेपाली किताबमा शीर्षक ब्लक कम गरिएको छ भने वैखरीमा अलि बढी ब्लक गरिएको पाईन्छ ।

बालबालिकाहरु बौद्धिक क्षमता भनेको हिलो माटो हो त्यसैले त्यसलाई आकारमा ढाल्न विभिन्न आवश्यक साधनहरुको आवश्यकता पर्न सक्छ । अतः तिनै आवश्यकता मध्ये अक्षर आकार पनि एउटा हो । जुन दुबै पाठ्य पुस्तक मेरो नेपाली किताब र वैखरीमा उपयुक्त ठूलो र एकरुपता देखिन्छ ।

### ४.२.७ मूल्य र सुलभता

सस्तो र राम्रो भएको मूल्य नै उत्तम मानिन्छ । मेरो नेपाली किताब सरकारी स्तरबाट निःशुल्क वितरण सामग्री हो । यसका लागि मूल्य निर्धारण गर्नुपनि उपयुक्त देखिदैन । तथापि विक्री वितरण मूल्य भनेर रु. ४२ निर्धारण गरिएको छ । वैखरी निजी स्तरको किताब भएकोले यसको मूल्य रु. २३८ निर्धारण गरिएको छ । यसरी तुलनात्मक रुपमा हेर्दा मेरो नेपाली किताब नै सस्तो र सुलभ देखिन्छ । वैखरीको चर्को मूल्य निर्धारण गरिएको पाईन्छ ।

# परिच्छेद - पाँच

## उपसंहार

परिमार्जित प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ अनुसार कक्षा ५ को पाठ्यपुस्तक पनि पाठ्यक्रम विकास केन्द्रद्वारा परिमार्जित र प्रकाशित भई लागू भएको छ । मेरो नेपाली किताब देशभर सरकारी विद्यालयहरुमा अनिवार्य विषयको पाठ्यपुस्तकको रुपमा लागू गरिएको छ ।

त्यस्तै पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृति लिई तयार पारिएको वैखरी निजी विद्यालयहरुमा अनिवार्य विषयको पाठ्यपुस्तकको रुपमा लागू भएको देखिन्छ ।

यस शोध कार्यमा मेरो नेपाली किताब कक्षा ५ र वैखरी बीच तुलनात्मक अध्ययन गरिएको छ । अध्ययनमा दुबै पाठ्यपुस्तकहरु बीच के कस्ता समानता र असमानताहरु छन् ? के कस्ता सबल र दुर्वल पक्षहरु छन् ? दुईमध्ये कुन बढी उपयुक्त छ ? भनेर यस शोधकार्यमा अध्ययन गरियो ।

पाठ्यपुस्तकको समग्र पक्षको अध्ययन बिश्लेषण गरिएको छ । यसले दुबै पाठ्यपुस्तकको सबलता र दुर्बलता पहिल्याई सुधारकालागि मार्ग निर्देशन गर्ने विश्वास गर्न सकिन्छ । अतः यस तुलनात्मक अध्ययनबाट प्राप्त निष्कर्ष र सुझावलाई यसरी प्रस्तुत गरिएको छ ।

**निष्कर्ष :**

मेरो नेपाली किताब कक्षा ५ र वैखरी बीच दुबै पाठ्यपुस्तकको उद्देश्य अनुरुप बनाउने प्रयास गरिएको छ । मेरो नेपाली किताबमा घर परिवार, छिमेक, समुदाय, वातावरण, चाडपर्व, आदिको समुचित प्रतिनिधत्व हुन सकेको छैन भने खेल, मनोरञ्जन जस्ता बालरुचिका अतिरिक्त सामग्री छैनन् । वैखरीमा त्यसको तुलनात्मक रुपमा समुचित प्रतिनिधित्व गराइएको देखिन्छ । जस्तैः घरपरिवार, छिमेक, समुदाय वातावरण, चाडपर्व तथा विभिन्न विशिष्ट व्यक्तिहरुको चित्रहरुद्वारा बालरुचिका सामग्री राखेका पाईन्छ, त्यसैगरी नैतिक, सामाजिक विषयवस्तु अन्तर्गतको विभिन्न लोककथा, कविता र प्रबन्धहरु द्वारा प्रतिनिधित्व गराइएको देखिन्छ । यसर्थः तुलनात्मक रुपमा विद्यागत विषय क्षेत्रको दृष्टिले वैखरी नै उपयुक्त देखिन्छ ।

- पाठसङ्ख्याको दृष्टिले हेर्दा मेरो नेपाली किताबमा २२ वटा र वैखरीमा ११ वटा पाठहरु रहेका छन् । विद्यागत हिसाबले हेर्दा मेरो नेपाली किताबमा जीवनी विद्या समावेश गरिएको छैन भने विद्यागत हिसाबले हेर्दा वैखरीमा पनि जीवनी, चिठी, निवेदन विद्या समावेश गरिएको छैन । यस दृष्टिले हेर्दा मेरो नेपाली किताब र वैखरीमा उपयुक्त समानता देखिन्छ ।
- प्रयुक्त शब्द भण्डारलाई हेर्दा दुबै सामग्रीमा केही जटिल खालका शब्दहरु प्रयोग गरिएका छन् । मेरो नेपाली किताबमा उजागर, थुक्क, पाण्डुलिपी, बयेलिपी, फटक्क र वैखरीमा प्रतिरोपण, स्वच्छन्द, इन्स्टिच्युट, प्रौदयौगिकी आदि जस्ता शब्दहरु बालस्तर अनुकूल देखिदैन ।
- दुबै पाठ्यपुस्तकको प्रत्येक पाठमा चित्रहरु उपयुक्त ढंगले संयोजन गरिएको छ तर मेरो नेपाली किताबमा भन्दा वैखरीमा उपयुक्त, स्पष्ट र बढी आकर्षक देखिन्छ ।
- दुबै पाठ्य सामग्रीमा २ देखि १९ शब्दका वाक्यहरु प्रयुक्त भएको देखिन्छ । यस्तो शब्दको असमान वितरण पाठ्यक्रम अनुरुप छैन ।
- भाषिक प्रस्तुति र शैलीको दृष्टिले वैखरी भन्दा मेरो नेपाली किताब सरल, सहज र बोधगम्य देखिन्छ ।
- कार्यमूलक व्याकरणकालागि दुबै सामग्रीमा पाठ अन्तर्गत एकिकृत गरी पाठ्यवस्तु राखिएका छन् । मेरो नेपाली किताबमा ३१ वटा र वैखरीमा पनि ३१ वटा नै अभ्यास व्याकरण राखिएका छन् । तसर्थः व्याकरणिक दृष्टिकोणबाट पनि वैखरी र मेरो नेपाली किताब बीच राम्रो समानता देखिन्छ ।
- शब्द भण्डारको दृष्टिमा दुबै पाठ्यपुस्तकहरु पाठ्यक्रमको शब्द सिमा भन्दा कम नै देखिन्छन् तर शब्द भण्डारको दृष्टिमा मेरो नेपाली किताब भन्दा वैखरीमा बढी अभ्यासहरु राखिएका छन् ।
- पाठ्यपुस्तकमा प्रयुक्त अभ्यासलाई हेर्दा दुबैमा अभ्यासहरु समावेश गरिएको पाइन्छ । मेरो नेपाली किताबमा विभिन्न प्रकृतिका ३०१ वटा र वैखरीमा २८३ वटा अभ्यासहरु समावेश गरिएको पाईन्छ ।
- दुबै पाठ्यसामग्रीमा प्रयुक्त अभ्यासहरुलाई सीप विकासको दृष्टिकोणले हेर्दा मेरो नेपाली किताबमा सुनाई २५, बोलाई ६४ पढाई ४८ र लेखाईमा २३८ वटा र वैखरीमा सुनाई २४ वटा, बोलाई ३४, पढाई ५३ र लेखाईमा ५२ वटा अभ्यासहरु समावेश गरिएका छन् । अङ्क वितरणको दृष्टिले दुबैमा पूर्ण अनुकूलता प्राप्त भएको देखिदैन ।
- आवरण पृष्ठ आकर्षक, टिकाउ कागजको दृष्टिले वैखरीमा नै उपयुक्त देखिन्छ ।
- छपाई र कागजको दृष्टिले पनि वैखरी नै राम्रो देखिन्छ ।
- आकार र बँधाइको हिसाबले पनि वैखरी नै उपयुक्त मान्न सकिन्छ ।

➢पाठहरुको विद्यागत सूची मेरो नेपाली किताब र वैखरी दुवैमा उल्लेख गरिएको छैन जुन दुबैमा नराम्रो पक्ष हो ।

➢मूल्यको दृष्टिकोणले मेरो नेपाली किताब सस्तो र सुलभ छ भने वैखरी महँगो देखिन्छ ।

**सुझावहरुः**

बालबालिका भनेको विहानी पख फूल्न लागेका कलिला फूल हुन भने हाम्रो नेपाली किताब र वैखरी पाठ्यपुस्तक तिनका आङमा लाग्न सक्ने न्यानो घामको किरण हो । त्यसैले यस पाठ्यपुस्तकको अध्ययन क्षेत्रमा भिजेर सृजना, साधना र सेवा गर्नेहरु प्रति जहिले पनि स्नेह र गौरबको झुल्का छाँडुजस्तो लाग्छ । प्रस्तुत शीर्षक कक्षा ५ को मेरो नेपाली किताब र वैखरी को तुलनात्मक अध्ययन विषयमा केही अनुसन्धान, खोज गर्न पाउँदा वा लेख्न पाउँदा खुशीको अनुभूति भएको छ । पाठ्यपुस्तकको उत्थानमा किन र कसरी लाग्ने भन्ने विषय मा प्रकाश पार्न समाज तथा राष्ट्रको विभिन्न शिक्षा प्रेमी, बुद्धिजीवी, शिक्षक र शैक्षिक संस्थाहरुको ध्यानाकर्षण गर्न सघाउ पुगोस् भन्ने उद्देश्यले यो खोजलाई तयार पार्ने कोशिस गरेकी छु ।

यसर्थ यसप्रकार अध्ययनको क्रममा विभिन्न सुझावहरुको पनि मनभित्र उकुसमुकुस छालहरु तरङ्गित भएको अनुभव मैले गरेको छु । जुन यसप्रकार राखिएको छ ।

१. मेरो नेपाली किताबमा जीवनी र वादविवाद थपिनु पर्छ भने वैखरीमा जीवनी, चिठी र निवेदन थपिनु पर्छ ।

२. प्रयुक्त चित्रहरु मेरो नेपाली किताबमा अझै स्पष्ट र आकर्षक खालको बनाईदिनु पर्छ ।

३. जटिल वा कठिन शब्दहरु नभएर बालस्तरले पचाउन सक्ने र सहन सक्ने शब्दहरु प्रयुक्त हुनुपर्दछ । दुबै पाठ्यपुस्तकमा ।

४. मेरो नेपाली किताबमा बाल कथा, खेल, मनोरञ्जनका अन्य सामग्री राखिनुपर्छ ।

५. दुबै पाठ्यपुस्तकमा सुनाई, बोलाई र पढाईका अभ्यासहरु थप गरिनुपर्दछ ।

६. शब्दभण्डारको दृष्टिमा दुबै पाठ्यपुस्तकमा बाल स्तरअनुरुपका शब्दहरु अझै थप गरिनु पर्दछ ।

७. दुबै पाठ्यपुस्तकमा अभ्यास सन्तुलित र समानुपातिक बनाई दिनुपर्दछ ।

८. मेरो नेपाली किताबको आवरण पृष्ठको कागज प्लाष्टिक कोटेड बनाईनु पर्दछ ।

९. छपाई, कागज र बँधाईको दृष्टिकोणले पनि मेरो नेपाली किताबलाई वैखरी जस्तै बनाइनु पर्छ ।

१०. मेरो नेपाली किताब र वैखरीको विषयसूचीमा विधाको उल्लेख गरिनुपर्दछ ।

११. पाठ्यपुस्ततकको मूल्य सबै विद्यार्थीको पहुँच पुग्ने किसिमको हुनुपर्दछ । तसर्थ वैखरीको मूल्यमा पुनर्विचार गरिनुपर्दछ ।

## उपादेयिता

१. नीतिगतः

यस तुलनात्मक अध्ययनको निम्नलिखित नीतिगत उपादेयिता रहने विश्वास लिइएको छ ।

क) यस तुलननात्मक अध्ययनले पाठ्यपुस्तकको निर्माण गर्दा सम्बन्धित व्यक्ति वा संस्थालाई सहयोग र सचेत गराउनेछ ।

ख) यस अध्ययनले दुई सामग्रीका सबल र दुर्बल पक्षको पहिचान गरी सबल पक्षलाई अनुशरण गरेर पाठ्य सामग्रीको संशोधन र परिमार्जन गर्न मार्ग निर्देशन गराउनेछ ।

ग) यस अध्ययनले पाठ्यसामग्री निर्माण गर्दा पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षमा स्तर अनुकूलता अपनाईनु पर्ने सतर्कता बोध गराउनेछ ।

घ) यस अध्ययनले दुबै पाठ्य सामग्री भाषा शिक्षणको सिद्धान्त अनुसार विकास गर्न थोरै भएपनि आधार उपलब्ध गराउने छ ।

ङ) यस अध्ययनले दुबै पाठ्यसामग्रीलाई समसामयिक, व्यवहारिक, उपयुक्त र प्रभावकारी बनाउन सघाउने छ ।

च) यस अध्ययनले पाठ्यपुस्तक निर्मातालाई बालस्तर ख्याल गराउन सचेत तुल्याउने छ ।

छ) यस तुलनात्मक अध्ययनले यस्ता खाले अध्ययन गर्न चाहने शोधकर्तालाई स्रोतसामग्री बन्न सक्ने छ ।

ज) यस किताबको अध्ययनले थप तुलनात्मक अध्ययनकर्तालाई उर्जा प्रदान गराउनेछ ।

**व्यवहारिकः**

यस तुलनात्मक अध्ययनको निम्नलिखित व्यवहारिक उपादेयिता रहने विश्वास लिइएको छ ।

क) यस तुलनात्मक अध्ययनले बाल स्तर, रुचि, क्षमता र बाल मनोवैज्ञानिक सिकाईमा मद्दत पुऱ्याउने छ ।

ख) यस अध्ययनले कक्षा कोठामा मनोरञ्जनात्मक र बाल मनोवैज्ञानिक शिक्षण क्रियाकलाप गराउन सघाउने छ ।

ग) यस अध्ययनले शिक्षकलाई बाल मनोविज्ञान अनुसार शिक्षण बिधि, क्रियाकलाप र मूल्यांकन गराउन मद्दत मिल्नेछ ।

घ) यस अध्ययनले बालबालिकाको सिकाईमा उत्साह र उत्प्रेरणा ल्याउने छ ।

**भावी अध्ययनका लागि सम्भावित शीर्षकहरु:**

प्रस्तुत तुलनात्मक अध्ययनमा अध्ययन गर्न नसकिएका र अध्ययनका क्रममा छुटेका वा बाँकी रहेका केही शीर्षकहरु भावी अध्ययनका लागि सम्भावित शीर्षकहरु बन्न सक्ने छन् ।

क) कक्षा ५ को मेरो नेपाली किताब र वैखरीको अभ्यास खण्डको तुलनात्मक अध्ययन ।

ख) कक्षा ५ को मेरो नेपाली किताब र वैखरीको कथा विधाको तुलनात्मक अध्ययन ।

ग) कक्षा ५ को मेरो नेपाली किताब र वैखरीको कविता विधाको तुलनात्मक अध्ययन ।

घ) कक्षा ५ को नेपाली किताब र वैखरीको शब्दभण्डारको तुलनात्मक अध्ययन ।

ङ) कक्षा ४ को मेरो नेपाली किताब र वैखरीको तुलनात्मक अध्ययन ।

च) कक्षा ५ को मेरो नेपाली किताब र वैखरीको प्रबन्ध विधाको तुलनात्मक अध्ययन ।

## सन्दर्भग्रन्थसूची


अधिकारी, हेमाङ्गराज (२०४४). *शिक्षालाई जीवनोपयोगी बनाउने कारक तत्वहरु* त्रि.वि. शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) ।

अधिकारी, विष्णुप्रसाद र आनन्द पौडेल, (२०६३) *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाण्डौ : साझा प्रकाशन ।

काफ्ले, गोपीकृष्ण (२०५६) *कक्षा १ को नेपाली  किताबमा प्रयुक्त शब्दभण्डारको अध्ययन ।* अप्रकाशित शोधपत्र एम. एड, कीर्तिपुर, काठमाडौं ।

खनाल, कमलराज (२०५९) *चार कक्षाको 'मेरो नेपाली किताब' र 'सजिलो नेपाली माला' को* तुलनात्मक अध्ययन, अप्रकाशित शोधपत्र एम.एड, कीर्तिपुर, काठमाडौं ।

गिरी, हिमाल (२०५४) *स्तर अनुरुपका दृष्टिले मेरो नेपाली किताब कक्षा चारमा प्रयुक्त शब्दभण्डारको विश्लेषण,* अप्रकाशित शोधपत्र महेन्द्ररत्न क्याम्पस, ताहाचाल ।

घिमिरे, प्रकाश (२०६०) *हाम्रो नेपाली किताब कक्षा ८ र सजिलो नेपाली माला कक्षा ८ को तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, एम.एड, कीर्तिपुर, काठमाडौं ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५७) *परिचयात्मक नेपाली भाषा शिक्षण,* काठमाडौं : एम. के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

*नेपाली भाषा शिक्षण (२०५३)* ते.स. काठमाडौं : कुञ्जल प्रकाशन ।

*नेपाली भाषा बगैंचा (२०७२)* काठमाडौं : सिम्फोनी पब्लिकेशन प्रा.लि.।

पौडेल, नेत्रप्रसाद (२०५५) *कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङ्खलाको तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, एम.एड. महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

पाठ्यक्रम विकास केन्द्र (२०६५) *प्राथमिक शिक्षा पाठ्यक्रम,* सानोठिमी भक्तपुर ।

बन्धु, चुडामणि (२०५२)*अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाण्डौं : साझा प्रकाशन ।

यादव, गुलाब कुमारी (२०६५) *कक्षा ३ को मेरो नेपाली किताब र हमर मैथली पोथी बीचको तुलनात्मक अध्ययन,* एम.एड., अप्रकाशित शोधपत्र ।

यादव, सञ्जय (२०७१) *कक्षा ५ को मेरो नेपाली किताब र सजिलो नेपाली मालाको तुलनात्मक अध्ययन,* एम. एड. अप्रकाशित शोधपत्र ।

लोप्चन, लोकबहादुर (२०६४) *मेरो नेपाली किताब कक्षा १ र ह्याङ्ला ग्योत गीक्छ कक्षा १ को तुलनात्मक अध्ययन,* अप्रकाशित शोधपत्र, एम. एड., कीर्तिपुर, काठमाडैं ।

शर्मा, केदारप्रसाद र माधव पौडेल (२०६०) *नेपाली भाषा र साहित्य शिक्षण,* नयाँ बजार, काठमाडौं : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

शर्मा, मोहनराज र खगेन्द्र लुइटेल (२०६२) *शोध विधि,* काठमाडौं : साझा प्रकाशन ।

सम्प्रेषण परिवार, *समप्रेषण अङ्क (३ र ५)* नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर, काठमाडौं ।

डा. रस्तोगी (१९७८) *Basic Primary Education Project Plan (1991-2000)*

BPEP को *(1991-2000) master plan, Text Book and materials*

Dr. Rustogi *Project on Evaluation Mahendramala Series For Class 1-5 UNESCO.*

वाग्ले मनप्रसाद, पौडेल लेखनाथ, *(२०६५) पाठ्यक्रम र मुल्याङ्कन:* काठमाण्डौ, विद्यार्थी पुस्तक भण्डार ।

# व्यक्तिवृत

| | |
|---|---|
| नाम | : लुनिभा काल्दन |
| ठेगाना | : गणेशमान चारनाथ नगरपालिका वार्ड नं. ७ |
| जन्ममिति | : २०४८ । १० । १ |
| लिङ्ग | : महिला |
| पिता | : श्री मनिलाल काल्दन |
| माता | : श्री उरुमाया थिङ |
| श्रीमान | : राम कुमार लामा (रंजित) |
| राष्ट्रियता | : नेपाली |
| भाषा | : नेपाली, मैथली, तामाङ |
| शिक्षा | : एम.ए. (२०७२) एम.एड. (अध्ययनरत) |
| मोवाइल नं. | : ९८४४५०६०६४ |

## शैक्षिक योग्यता

| क.सं. | तह | उत्तीर्ण साल | संस्था |
|---|---|---|---|
| १. | एस.एल.सी. | २०६२ | श्री .मा.वि. मुलावारी भिमान |
| २. | १० + २ | २०६५ | श्री सर्वजानिक.उ.मा.वि.बेङ्गाडावर, धनुषा |
| ३. | स्नातक | २०७१ | श्री रा.रा.ता.ज.ब.क्याम्पस, असनपुर गोलबजार |